ISSN: 3021-9353
Online

# सञ्चय कोष

(सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष)

न्यूजलेटर

विशेष अङ्क वर्ष ११ अङ्क ४३ २०८० भाद्र ३१

## कर्मचारी सञ्चय कोष ६२औं वर्षमा प्रवेश

कुल स्रोत : रु. ५१२ अर्ब ४ करोड

कुल लगानी : रु. ५०३ अर्ब ७४ करोड

कोषमा आवद्ध सञ्चयकर्ता संख्या : ५ लाख ८२ हजार

सामाजिक सुरक्षा रकम प्रदान : रु. ३७ करोड ४१ लाख

कोषकट्टी रकममा प्रदान गरिएको ब्याजदर : ७.५० प्रशितत

शाखा कार्यालय संख्या : ८

सेवा केन्द्र (सञ्चालनमा आउन लागेका २ वटा सहित) संख्या : ५

कोषको कर्मचारी दरबन्दी : ५००



"कर्मचारीको सामाजिक सुरक्षा व्यवस्थापनलाई मितव्ययी र प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी कर्मचारी सञ्चय कोष ऐन र निवृत्तभरण कोष ऐनलाई एकीकृत गर्ने कार्यलाई नेपाल सरकारले प्राथमिकतामा राखेको कुरा समेत जानकारी गराउन चाहन्छु।"

सम्माननीय प्रधानमन्त्री, पुष्पकमल दाहाल 'प्रचण्ड'



"कोषलाई निवृत्तभरण तथा उपदान र सञ्चय कोष व्यवस्थापन गरी सरकारी तथा सार्वजनिक निकायको अवकाश कोष तथा सामाजिक सुरक्षा संस्थाको रुपमा अघि बढाउनु पर्ने आवश्यकता मैले देखेको छु।"

माननीय अर्थमन्त्री, डा. प्रकाश शरण महत



"सञ्चयकर्ताको सन्तुष्टि नै कोषको मुख्य अभिष्ट हो। कोषका नीति तथा कार्यक्रम एवम् समग्र गतिविधि यसैबाट निर्देशित हुनुपर्दछ।"

सञ्चालक समितिका अध्यक्ष, डा. रामप्रसाद घिमिरे



"सामाजिक सुरक्षण सम्बन्धि कोषका प्रयासहरुमा सदा साथ रहनेछ।"

ISSA President, डा. मोहम्मद अजमान



"मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन र सञ्चयकर्ता तथा योगदानकर्ताको सेवा प्रवाहलाई अझ सञ्चयकर्तामैत्री बनाई उहाँहरुको सन्तुष्टिमा अभिवृद्धि गर्न कोष सदैव कृयाशील रहनेछ।"

प्रशासक, श्री जितेन्द्र धिताल

कर्मचारी सञ्चय कोष स्थापनाको ६२औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव प्रतिवद्ध रहने संकल्पसहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय, प्रभावकारी तथा प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरूको सन्तुष्टि अभिवृद्धि गर्ने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं।

# सम्पादकीय

कर्मचारी सञ्चय कोष ६२औं वर्षमा पदार्पण गरेको छ। सदैव आफ्ना सञ्चयकर्ता/योगदानकर्ताको हित र सन्तुष्टिप्रति कृत सङ्कल्पित रहेको यस कोषमा झण्डै साढे ६ लाख सञ्चयकर्ता/योगदानकर्ता रहेका छन् । सञ्चयकर्ता/योगदानकर्ताबाट जम्मा गरिएको रकम समेतगरि कोषमा रु. ५ खर्ब १२ करोडभन्दा बढी स्रोत जम्मा भएको छ । कोषले संकलित रकमको सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरी प्राप्त प्रतिफललाई आफ्ना सञ्चयकर्ताहरुमा समानुपातिक रुपले वितरण गर्नुका साथै कोष खडा गरि सो मार्फत् सञ्चयकर्तालाई विभिन्न किसीमका सामाजिक सुरक्षण सुविधा उपलब्ध गराइरहेको छ ।

सामाजिक सुरक्षण सुविधा उपलब्ध गराउनुका अतिरिक्त कोषले आफ्ना सञ्चयकर्ताका सेवाकालीन आवश्यकतालाई समेत दृष्टिगत गरि विभिन्न सापटीहरु प्रवाह गरिआएको छ । साथै, देशको औद्योगिक क्षेत्र, उर्जा क्षेत्र, पर्यटन क्षेत्र लगायत पूर्वाधार क्षेत्रको विकासको लागि समेत यथेष्ट योगदान पुऱ्याइआएको छ ।

साबिकमा सञ्चयकोषको मात्र व्यवस्थापन गरिआएको कोषको काँधमा सरकारी सेवाका राष्ट्र सेवक कर्मचारी, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका तथा नेपाल सरकारको आर्थिक अनुदानमा सञ्चालन हुने सबै सार्वजनिक निकायका कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण योजना सञ्चालन गर्ने जिम्मेवारी पनि थपिएपछि कोष गहन जिम्मेवारी वहन गर्न अझै खरो रुपमा जुटिरहेको छ । कुशल व्यवस्थापन, परिश्रमी कर्मचारी तथा परिमार्जित कार्य प्रणाली मार्फत् कोष आफ्ना जिम्मेवारीहरु वहन गरिरहेको छ ।

आफ्नो आन्तरिक कार्यप्रणालीलाई थप परिष्कृत बनाउने प्रयास स्वरुप कोषले केही वर्ष यता सूचना प्रविधिमा व्यापक सुधार गरिरहेको छ। प्रभावकारी र गुणस्तरीय सेवाका लागि सञ्चयकर्ताको तथ्याङ्क डिजिटल स्वरुपमा सङ्कलन गर्ने, कार्यालयहरुको अफिस केवाइसी अद्यावधिक गर्ने, सेवा प्रवाहमा अनलाईन पद्धतिको अवलम्बन गर्ने, डिजिटल माध्यमबाट फाँटवारीको संकलन गर्ने, विद्युतीय परिचयपत्र वितरण गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखेर कोष अघि बढिरहेको छ । यस न्युजलेटरमा समाविष्ट विषयवस्तुले उपरोक्त अवस्थालाई पुष्टि गर्नुका साथै कोषका समसामयिक अन्य गतिविधिलाई समेत चित्रण गर्न सघाउ पुऱ्याउँदै आएको छ ।

अन्त्यमा, कोषको ६२ औं वार्षिकोत्सवको उपलक्ष्यमा कोषका सञ्चयकर्ता, योगदानकर्ता, अग्रज कर्मचारी, नेपाल सरकार लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

## "कोषले कर्मचारीको कोखदेखि शोकसम्म सामाजिक सुरक्षा प्रदान गरेको छ"

## सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'



सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले कर्मचारी सञ्चय कोषको ६२औं वार्षिकोत्सवका अवसरमा संस्थामा आबद्ध कर्मचारी लगायत सम्पूर्ण सेवाग्राहीहरूमा निरन्तर सफलताको शुभकामना दिनु भएको छ। शुभकामना सन्देशमा उहाँले भन्नुभएको छ, "कर्मचारीको कोखदेखि शोकसम्म सामाजिक सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा कोषले वित्तीय स्रोतको कुशल व्यवस्थापनको माध्यमबाट सञ्चयकर्तालाई उचित दरको ब्याजका अतिरिक्त, मुनाफा एवम् अन्य सामाजिक सुरक्षा सुविधासमेत प्रदान गरेकोमा कोषप्रति हार्दिक आभार समेत प्रकट गर्दछु ।"

सम्माननीय प्रधानमन्त्रीज्यूले कर्मचारी सञ्चय कोषले आफ्नो जीवनको उर्जाशील समय राष्ट्रसेवामा अर्पण गरेका करिब ५ लाख ८२ हजार राष्ट्रसेवक कर्मचारीहरूको सेवाकालीन र अवकाश पश्चातको सामाजिक सुरक्षा सुनिश्चित गर्ने तथा झण्डै ५१२ अर्ब बराबरको दीर्घकालीन पुँजी देशको आर्थिक विकासमा योगदान गर्ने दोहोरो जिम्मेवारी निर्वाह गरिरहेको बताउनु भएको छ । कुल गार्हस्थ उत्पादनको १० प्रतिशतको हाराहारीमा वित्तीय स्रोत परिचालन गर्ने कोषले वित्तीय बजारमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको, मुलुकको उर्जा सङ्कट समाधान गर्न स्वदेशी लगानीमै जलविद्युत परियोजनाहरू निर्माण, इन्धन आपूर्तिको सहजीकरण तथा पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारमा कोषले दीर्घकालीन कर्जा प्रवाह गर्नु आफैमा महत्वपूर्ण कुरा भएको बताउनुभएको छ ।

सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको माध्यमबाट कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने मार्गचित्रसहित अगाडि बढेको जानकारी पाउँदा आफूलाई खुसी लागेको भन्दै उहाँले कर्मचारीको सामाजिक सुरक्षा व्यवस्थापनलाई मितव्ययी र प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी कर्मचारी सञ्चय कोष ऐन र निवृत्तभरण कोष ऐनलाई एकीकृत गर्ने कार्यलाई नेपाल सरकारले प्राथमिकतामा राखेको समेत बताउनुभएको छ ।

कोषले सञ्चयकर्तालाई जीवन बीमासँग आवद्ध गर्ने वा अन्य वैकल्पिक व्यवस्था मिलाउन आवश्यक भएको स्मरण गराउँदै सम्माननीय प्रधानमन्त्रीज्यूले महँगो स्वास्थ्य सेवा तथा अन्य विभिन्न प्रकारका सामाजिक जोखिमहरूको प्रभावलाई न्यूनीकरण गर्न सामाजिक सुरक्षाको योजनामा सुधार आवश्यक रहेको तथा नेपाल सरकारले चालु आर्थिक वर्षमा कर्मचारी सञ्चय कोष मार्फत् सञ्चयकर्ताका दम्पतीलाई स्वास्थ्योपचार सुविधा उपलब्ध गराउने कार्यक्रम राखेकाले त्यसको कार्यान्वयनका लागि आवश्यक पूर्वाधारसहित अगाडि बढ्न आवश्यक रहेको बताउनुभएको छ ।

## सेवामा विशिष्टीकरण एवं विविधीकरण हुनु आवश्यक : माननीय अर्थमन्त्री डा. महत



माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले कर्मचारी सञ्चय कोष ६१ वर्ष पुरा गरी ६२ औं वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दै कोषको प्रगतिको लागि हार्दिक शुभकामना दिनु भएको छ ।

उहाँले वित्तीय स्रोतको उत्पादनमूलक उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्नु आजको आवश्यकता रहेको भन्दै वित्तीय स्रोतको कारोबारको प्रकृतिमा भएको विविधता, प्रविधिप्रतिको बढ्दो निर्भरतासँगै वित्तीय प्रणालीमा चुनौती बढ्दै जाने हुँदा यसको प्रभावलाई न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत सुशासन कायम गर्न जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रणको क्षेत्रमा कोषले थप सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको छ ।

शुभकामना सन्देशमा अर्थमन्त्रीज्यूले कोषका गतिविधिको नियमनका लागि अलग्गै र प्रभावकारी नियामकको व्यवस्था भई नसकेको वर्तमान परिप्रेक्ष्यमा कोषको सञ्चालक समिति र व्यवस्थापनले स्व-नियमनकारी भूमिका समेत निर्वाह गर्नुपर्ने अवस्था रहेकाले कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबाट पाठ सिक्दै समान प्रकृतिका अन्तर्राष्ट्रिय संस्थाहरुले अवलम्बन गरेका असल अभ्यासहरुको समेत अनुशरण गर्नु पर्ने धारणा व्यक्त गर्नुभएको छ ।

अर्थमन्त्रीज्यूले नयाँ नियुक्त हुने सरकारी कर्मचारीहरुको लागि लागू गरिएको योगदानमा आधारित निवृत्तभरण प्रणालीको व्यवस्थापनको जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई प्रदान गरिएको तथा निजी क्षेत्रका रोजगारहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन गर्न छुट्टै व्यवस्था भई सकेको परिप्रेक्ष्यमा सम्बन्धित ऐन, नीति नियमको संशोधन मार्फत् कोष लगायत अन्य सामाजिक सुरक्षा प्रदान गर्ने संस्थाहरूको कार्यक्षेत्र र गन्तव्य स्पष्ट पार्नु पर्ने आवश्यकता औंल्याउनुभएको छ । यसैबीच कोषले आफूलाई प्राप्त जिम्मेवारीमा केन्द्रित भई सेवामा विशिष्टीकरण एवं विविधीकरण गर्नु उपयुक्त हुन्छ भन्दै कोषलाई निवृत्तभरण तथा उपदान र सञ्चय कोष व्यवस्थापन गरी सरकारी तथा सार्वजनिक निकायको अवकाश कोष तथा सामाजिक सुरक्षा संस्थाको रुपमा अघि बढाउनु पर्ने आवश्यकता आफूले देखेको बताउनु भएको छ ।

## सञ्चयकर्ताको सन्तुष्टि नै कोषको मुख्य अभिष्ट हो : अध्यक्ष डा. घिमिरे



कोषको सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेले कर्मचारी सञ्चय कोषको ६२ औं वार्षिकोत्सवको अवसरमा कोषका सञ्चयकर्ता, योगदानकर्ता र समग्र कर्मचारी सञ्चय कोष परिवारलाइ हार्दिक शुभकाना व्यक्त गर्नुभएको छ ।

उहाँले सञ्चयकर्ताको सन्तुष्टि नै कोषको मुख्य अभिष्ट भएकाले कोषका नीति तथा कार्यक्रम एवम् समग्र गतिविधि यसैबाट निर्देशित हुनुपर्ने धारणा राख्दै सञ्चयकर्ताको विश्वास कायम राख्न सेवाप्रवाहमा प्रविधिको उच्चतम प्रयोग गरी वित्तीय स्रोतको समूचित एवम् प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने आवश्यकता समेत औंल्याउनुभएको छ । साथै, कोषले अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन गर्दै मुलुकको विकास र समृद्धि हेतु सरकारले अवलम्बन गरेका नीति योजना, कार्यक्रम तथा प्रतिबद्धतामा सहयोग पुग्ने गरी थप क्रियाशील हुनुपर्ने आवश्यकता समेत औंल्याउनु भएको छ ।

शुभकामना सन्देशमा उहाँले भन्नुभएको छ,- कर्मचारी सञ्चय कोष विशिष्ट प्रकृतिको संस्था भएका कारण यसको लगानी व्यवस्थापन बैंक तथा वित्तीय संस्थाको भन्दा फरक प्रकृतिको हुन्छ। कोषको लगानी सरकारी, सार्वजनिक एवम् निजी क्षेत्रको सहकार्यमा पूर्वाधार विकासका ठुला परियोजनामा केन्द्रित गर्दै जानुपर्ने आवश्यकता छ । त्यसैगरी सञ्चयकर्ताप्रतिको जवाफदेहिता अधिवृद्धि गर्न सूचना प्रविधिको उच्चतम उपयोग गर्नुपर्ने आवश्यकता देखिएको छ । सम्बद्ध निकायहरुसँगको सहकार्य र साझेदारीको माध्यमवाट कोषको सेवालाई अझ बढी मितव्ययी, गुणस्तरीय र प्रभावकारी वनाउन थप प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ ।

वित्तीय श्रोतमा भएको निरन्तर वृद्धि तथा वित्तीय कारोबारमा सुचना प्रविधिको बढ्दो प्रयोगका सन्दर्भमा कोषले जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र परिणाममुखी बनाउन जरुरी रहेको बताउँदै उहाँले कोष व्यवस्थापनको सक्रियता एवम् सरोकारवालासँगको समन्वय र सहयोगवाट कोषका सामू देखा परेका समस्या र चूनौतीलाई सम्बोधन गरी थप सुदृढ र विश्वसनीय संस्थाको रुपमा विकास गर्न कोष सफल हुनेमा विश्वास समेत व्यक्त गर्नुभएको छ ।

# ISSA President को शुभकामना

International Social social Security Association – ISSA का President Prof. Dato' Sri Mohammed Azman ले कोषको ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा कोषलाई हार्दिक शुभकामना दिनुभएको छ ।

"सबैका लागि सामाजिक सुरक्षण" भन्ने सामाजिक सुरक्षणका सिद्धान्तहरुबाट निर्देशित हुँदै अघि बढ्दा नेपाली नागरिको भविष्य अधिक सुरक्षित हुने बताउँदै उहाँले भन्नुभएको छ - भविष्य र फराकिला उपलब्धिहरुका सम्भावनाहरुप्रति म आशावादी छु ।

कर्मचारी सञ्चयकोषसँग हातेमालो गर्दै अघि बढ्न चाहेको उल्लेख गर्दै उहाँले ज्येष्ठ नागरिकको संख्यामा भैरहेको वृद्धिजनित विश्वव्यापी समस्या र अनौपचारिक क्षेत्रका कामदारहरु जो कमजोर अवस्थामा छन् ऊनीहरुका समस्यालाई दृष्टिगत गरि ऊनीहरुसम्म दायरा विस्तार गर्नुपर्ने अवस्थामा नेपालमा सामाजिक सुरक्षाको फ्रेमवर्कलाई बलियो बनाउँदै अघि बढ्न सकिने बताउनुभएको छ । यस सन्दर्भमा आईपर्ने चुनौतिहरुको सामना गर्दै हामीं नागरिकहरुको लागि अधिक समावेशी र सुरक्षित भविष्यको निर्माण गर्नसक्छौं, उहाँले भन्नुभएको छ ।

# सेवा प्रवाहमा गुणात्मक सुधार गरिनेछः प्रशासक धिताल

कोषका प्रशासक जितेन्द्र धितालले कोषको ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारप्रति हार्दिक बधाई तथा शुभकामना दिनु भएको छ । सो अवसरमा सञ्चयकर्ता तथा योगदानकर्ताको योगदान रकमको कुशल व्यवस्थापन तथा परिचालनबाट प्राप्त प्रतिफलको न्यायोचित वितरण र सेवा प्रवाहमा गुणात्मक सुधार गर्द सञ्चयकर्ताको हित र सन्तुष्टि प्रति कोषका क्रियाकलापहरु सदैव परिलक्षित रहने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ । "सेवा प्रवाहलाई अझ सञ्चयकर्तामैत्री बनाई उहाँहरुको सन्तुष्टिमा अभिवृद्धि गर्न कोष सदैव कृयाशील रहनेछ ।" प्रतिवद्धता व्यक्त गर्नुभएको छ । सूचना प्रविधिको अधिकतम उपयोग, असल कार्य संस्कृतिको विकास, कार्य सम्पादनमा सुधार एवम् अन्य निकायहरुसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्नु र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सबल र सुदृढ बनाई वित्तीय कारोबारलाई थप पारदर्शी बनाउदै संस्थागत सुशासनलाई मजबुत बनाउनु कोषको अहिलेको आवश्यकता रहेकोले यसतर्फ कोषका आगामी गतिविधिहरु निर्देशित हुनेछन् । साथै कोषको संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था प्रति आभार प्रकट गर्दै सम्पूर्ण सरोकारवाला प्रति हार्दिक कृतज्ञता प्रकट गर्नु भएको छ ।

## कोषको अध्यक्षमा डा. घिमिरे नियुक्त



कोषको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. राम प्रसाद घिमिरे नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ माघ ४ गते को निर्णय अनुसार कोषको अध्यक्षमा अर्थमन्त्रालयका सचिव (राजश्व) डा. घिमिरेले यही २०७९ माघ १५ गते अर्थ मन्त्रालयमा आयोजित शपथ ग्रहण कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेल समक्ष पद तथा गोपनीयताको शपथ लिनु भयो । यस अघि तत्कालिन अर्थ सचिव (राजस्व) कृष्णहरि पुष्कर कोष सञ्चालक समितिको अध्यक्ष रहनु भएको थियो ।

## सञ्चालकमा थापा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक श्री दिपक थापा नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७९ चैत २६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को ख बमोजिम नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व हुने गरी थापालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा शर्मा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव श्री जनकराज शर्मा नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय मन्त्रिस्तर)को मिति २०८० जेठ ३२ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी शर्मालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

# विभागीय प्रमुख तथा शाखा कार्यालय/सेवा केन्द्र प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता सम्पन्न

कोषका प्रशासक र विभागीय प्रमुख, शाखा कार्यालय प्रमुखहरू तथा सेवा केन्द्र धनकुटा बीच २०८० साउन ८ गते आर्थिक वर्ष २०८०/८१ का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। कार्यसम्पादन सम्झौतामा विभाग, शाखा कार्यालय र सेवा केन्द्रले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु, क्रियाकलापहरु, लक्ष्य, अपेक्षित परिणाम र समय सीमा समेटिएका छन्।




कोषको समग्र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गर्ने तथा कोषका विभाग/शाखा कार्यालय/सेवा केन्द्रको कार्यलाई थप प्रभावकारी र परिणाममूलक बनाउने उद्देश्यले आर्थिक वर्ष २०७५/७६ देखि कार्यसम्पादन सम्झौताको शुरुवात गरिएको थियो।

कार्यसम्पादन सम्झौतामा कोषका प्रशासक जितेन्द्र धितालले पहिलो पक्षका रुपमा तथा विभागीय प्रमुखहरुले दोस्रो पक्षको रुपमा हस्ताक्षर गर्नुभएको छ। सह-प्रशासकद्धय जीवन कुमार कट्वाल तथा भरतराज वस्तीको रोहवरमा सम्पन्न भएको सो सम्झौतामा दोस्रो पक्षको रुपमा हस्ताक्षर गर्ने विभागीय प्रमुखहरुमा सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख रोचन श्रेष्ठ, योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख ध्रुव भट्टराई, सञ्चयकर्ता कर्जा विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी, लेखापरीक्षण विभागका विभागीय प्रमुख दिनेश कुमार के.सी. मानव संसाधन व्यवस्थापन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी, कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुख ठाकुरजंग थापा, सूचना प्रविधि विभागका विभागीय प्रमुख सुवाष खड्का, कोष व्यवस्थापन विभागका विभागीय प्रमुख दर्शन भट्टराई, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेल, सम्पत्ति व्यवस्थापन विभागका विभागीय प्रमुख शान्ता गौतम र निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख सागर कुमार सिंह हुनुहुन्थ्यो।

त्यसैगरी प्रशासक र शाखा कार्यालय एवं धनकुटा सेवा केन्द्रका प्रमुखहरुबीच पनि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। सह-प्रशासकहरुको रोहवरमा सम्पन्न सो कार्यसम्पादन सम्झौतामा प्रशासकले पहिलो पक्षका रुपमा तथा शाखा कार्यालय/सेवा केन्द्रका प्रमुखहरुले दोस्रो पक्षको रुपमा हस्ताक्षर गर्नुभएको थियो। दोस्रो पक्षको रुपमा हस्ताक्षर गर्ने कार्यालय प्रमुखहरुमा शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख तेज प्रसाद खनाल, पोखराका कार्यालय प्रमुख कल्पना मानन्धर, विराटनगरका कार्यालय प्रमुख निर्मला हुमागाईं, धनगढीका कार्यालय प्रमुख सन्तोष पौड्याल, कोहलपुरका कार्यालय प्रमुख शशि देवकोटा, सुर्खेतका कार्यालय प्रमुख रवि तामाङ, बुटवलका कार्यालय प्रमुख कृष्ण बहादुर जि.सी., हेटौंडाका कार्यालय प्रमुख हरिकृष्ण कार्की र सेवा केन्द्र धनकुटाका प्रमुख दिपेन्द्र सापकोटा हुनुहुन्छ।

शाखा कार्यालय/सेवा केन्द्रहरूको कार्यसम्पादन सम्झौतामा सेवा प्रवाह (परिमाणात्मक लक्ष्य, सेवा सुधार (गुणात्मक लक्ष्य) र अन्य सुधार गरी तीन समूहमा वार्षिक कार्यसम्पादन लक्ष्यहरु समावेश गरी सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गर्ने, घर सापटीको क्षेत्र विस्तार गर्ने, सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्ने, ज्ञान आदान-प्रदान, भवन निर्माणमा समन्वय, सहयोग र सहजीकरण गर्ने जस्ता महत्वपूर्ण




कार्यक्रमहरु तय गरिएका छन्।

उक्त सम्झौतामा विभाग, शाखा कार्यालय तथा सेवा केन्द्र धनकुटाको वार्षिक कार्यप्रगति विवरणको अनुगमन तथा मूल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा दुई जना सहप्रशासक सदस्य र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सचिव रहेको एक मूल्याङ्कन समिति रहने व्यवस्था गरिएको छ। साथै कार्यसम्पादनमा अब्बल हुनेलाई यथोचित पुरस्कारको पनि व्यवस्था गरिएको छ। यसबाट कामलाई नतिजामुखी, उत्तरदायी, योजनाबद्ध रुपमा सम्पन्न गर्न र विभाग तथा शाखा कार्यालयहरुको कार्यसम्पादन स्तरमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ।

# वरिष्ठ कार्यकारी मञ्चको कार्यक्रम सम्पन्न

कोषले मिति २०८० जेठ १९ र २० गते गोकर्ण फरेष्ट रिसोर्ट, काठमाण्डौमा वरिष्ठ कार्यकारी मञ्चको कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा कोषको बजेट तथा कार्यक्रम सम्बन्धी समीक्षा र छलफल एवं वरिष्ठ कार्यकारी मञ्चको अर्न्तक्रिया सम्पन्न भएको छ ।

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख श्री ध्रुव भट्टराईले नेपाल सरकार, अर्थ मन्त्रालय र कर्मचारी सञ्चय कोषका प्रशासकसंग भएको कार्यसम्पादन सम्झौताको चालु आर्थिक बर्षको चैत्र मसान्तसम्मको प्रगति समिक्षा पेश गर्नुभएको थियो ।

सो कार्यक्रममा आ.व २०७९/८० को बजेट तथा कार्यक्रमको प्रगति समीक्षा तथा आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गर्ने सन्दर्भमा आर्थिक प्रशासन विभागका विभागीय प्रमुख श्री विरेन्द्र पौडेलले २०७९/८० को बजेटको आवधिक समीक्षा र आगामी बर्षको बजेटको संक्षिप्त जानकारी गराउनुभएको थियो ।



सोही कार्यक्रममा सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण बारे स्रोत व्यक्ति नेपाल राष्ट्र बैकका निर्देशक डा. हरिकुमार नेपालबाट यस सम्बन्धि विश्वव्यापी मुद्दाहरु, कार्यहरु, आपसी सहकार्य र मुल्यांकन तथा सुधारका क्षेत्रहरुको सेरोफेरोमा रहेर नेपालले सम्पादन गरेका कार्यहरु, चुनौतीहरु र कोषमा यसले पार्ने प्रभाव, क्षेत्र र परिणामका बारेमा प्रस्तुतीकरण भएको थियो ।

कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्चको समूहगत प्रस्तुति समेत गरिएको थियो । सूचना तथा सञ्चार प्रविधि समूहको तर्फबाट Information Technology-Strategies and Programs विषयमा सूचना तथा सञ्चार प्रविधि विभागका विभागीय प्रमुख श्री सुवाष खड्काले तथा शाखा कार्यालय/सेवाकेन्द्रको तर्फबाट "चालु आर्थिक वर्षको कार्यसम्पादन सम्झौता तथा शाखा कार्यालयहरुसँग सम्बन्धित केहि सवालहरु" सम्बन्धमा शाखा कार्यालय विराटनगरका प्रमुख श्री निर्मला हुमागाईंले प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा विभागहरुको तर्फबाट सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख श्री रोचन श्रेष्ठ, शाखा कार्यालयहरुको तर्फबाट शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख श्री तेजप्रसाद खनालले धारणा राख्नुभएको थियो । त्यसैगरि कोषमा रहेका ट्रेड युनियनहरुको तर्फबाट वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष श्री बद्रिराज खड्का, सञ्चय कोष कर्मचारी संगठनका अध्यक्ष श्री धर्मराज मैनाली तथा नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष श्री रामहरि गौतमले आ-आफ्ना धारणा राख्नुभएको थियो । सो कार्यक्रममा सहभागीहरुबाट समेत प्रश्नोत्तर, छलफलमा सक्रिय सहभागिता जनाईएको थियो ।

कार्यक्रम समापनको अवसरमा, का.मु सह-प्रशासक श्री भरतराज वस्तीले विभाग, शाखा कार्यालय/सेवा केन्द्रहरुको प्रगति विवरणमाथि ३/३ महिनामा छलफल गर्नु सान्दर्भिक हुने, सेवा प्रवाह गर्दा कर्मचारीहरुले शिष्ट कर्मचारीको रुपमा मुस्कान सहितको सेवा दिन प्रतिबद्ध हुनुपर्ने धारणा राख्नुभयो । त्यसैगरि का.मु सह-प्रशासक श्री जीवन कुमार कट्वालले AML/CFT को विषय व्यवस्थापनको तल्लो तहसम्म पुऱ्याउनुपर्ने, लेखा र लेखा प्रणालीमा Auditor ले सुझाव दिएको आधारमा सुधार गर्नुपर्ने, Policy लविङ्ग गर्दा कोरियाको model मा focus गर्ने वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कोषका प्रशासक श्री जितेन्द्र धितालले कोषको Mission, Vision, Strategy मा परिवर्तन गर्नुपर्ने, कार्य प्रगतिको प्रवृत्ति हेर्दा आर्थिक वर्षको अन्त्यमा बढी काम हुने गरेको देखिएकोले यसमा सुधार गर्नुपर्ने, Internal Audit सँग TieUp गरेर सुधार कार्य अघि बढाउनुपर्ने, संस्थागत सुदृढीकरणमा जोड दिनुपर्ने धारणा राख्नुभयो । श्रोतको Mobilization र सामाजिक सुरक्षाको व्यवस्थापन पनि कोष आफैले गर्नुपर्ने भएकोले दुवै कार्यलाई संगै लैजानु चुनौतिपूर्ण भएको बताउनुभयो । प्रशासक धितालले कर्मचारीहरुको मनोबल उच्च बनाउंनको लागि व्यवस्थापनले काम गरिरहेको जानकारी दिनुभयो ।

योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागद्वारा आयोजित सो कार्यक्रमको सञ्चालन सोही विभागका वरिष्ठ प्रबन्धक श्री नगेन्द्र प्रसाद पौडेलले गर्नुभएको थियो ।

## प्रशासकमा धिताल नियुक्त



कोषको प्रशासकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ मंसिर २० गतेको निर्णय बमोजिम चाटर्ड एकाउण्टेन्ट जितेन्द्र धिताल नियुक्त हुनुभएको छ । यसभन्दा अघि उहाँ कोषमा निमित्त प्रशासक पदमा कार्यरत हुनुहुन्थ्यो ।

कोषमा प्रशासक छनोटका लागि अर्थ मन्त्रालयले एक सिफारिस समिति बनाएको र उक्त समितिले आवेदन दिएका उम्मेदवारहरुमध्येबाट तीन जनाको नाम सिफारिस गरेको थियो । सिफारिस भएका तीन जनामध्ये नेपाल सरकारले धितालालाई नियुक्त गर्ने निर्णय गरेको हो । २०६५ सालमा चार्टड एकाउन्टेण्ट (तह ९) मा कोषमा सेवा प्रवेश गर्नु भएका धिताल यस अघि कोषको विभिन्न विभागको विभागीय प्रमुखका साथै सह प्रशासक समेत भएर काम गर्नुभएको थियो ।

## अर्थ मन्त्रालय र प्रशासकबीच कार्य सम्पादन सम्झौता सम्पन्न




नेपाल सरकार र कोषका प्रशासकबीच कार्य सम्पादन सम्झौता (Performance Contract) सम्पन्न भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ मंसिर २० को निर्णय बमोजिम कोषको प्रशासकको पदमा जीतेन्द्र धिताल नियुक्त भएपश्चात् उक्त सम्झौता भएको हो । अर्थ मन्त्रालयमा कोष सञ्चालक समितिका अध्यक्षको रोहवरमा भएको कार्यसम्पादन सम्झौतामा कोषको उद्देश्य, दूरदृष्टि, दीर्घकालीन लक्ष्य र रणनीतिहरूका साथै पाँच वर्षको कार्यसम्पादन लक्ष्य सहितको कार्ययोजना निर्धारण गरिएको छ । कोषको आगामि ५ (पाँच) वर्षको कार्यसम्पादन लक्ष्य अन्तर्गत २४ (चौबिस) वटा परिमाणात्मक लक्ष्यहरू र ५४ (चौवन्न) वटा गुणात्मक लक्ष्यहरू तोकिएका छन् ।

## कोषलाई अन्तर्राष्ट्रिय अवार्ड प्राप्त




कर्मचारी सञ्चय कोषले अर्न्तराष्ट्रिय अवार्डप्राप्त गरेको छ। फिलिपिन्सको मनिलामा २०७९ कार्तिक ९ र १० गते आयोजित ADFIAP को ४५ औं सभामा कोषले सञ्चयकर्ताहरुलाई सूचना प्रविधिको उच्चतम प्रयोग गरी अनलाईन सेवा प्रदान गरेकोमा सो कार्यको कदरस्वरुप प्रविधि विकास विधामा कोषलाई Association of Development Financing institutions in Asia and the Pacific (ADFIAP) ले ADFIAP DevelopmentAwards2022 प्रदान गरेको हो ।

## कर्मचारीलाई डिजिटल फाँटबारी सम्बन्धी तालिम



कोषका शाखा कार्यालयहरूमा कार्यरत सम्बन्धित कर्मचारीहरूको लागि डिजिटल फाँटबारी पूर्णरुपमा कार्यान्वयनमा ल्याउने सन्दर्भमा ECS प्रणाली मार्फत् कागजरहित फाँटबारी कार्यान्वयन र डिजिटल फाँटबारी विषयक तालिम कार्यक्रम आयोजना गरिएको छ । यस्तो कार्यक्रम २०७९ मंसिर १६ देखि १८ सम्म कोहलपुरमा, २०७९ पुस ८ देखि १० सम्म विराटनगरमा र २०७९ पुस १५ देखि १७ गतेसम्म पोखरामा समेत आयोजना गरिएको थियो ।

## Disaster Recovery Site को स्थापना

कोषले आफ्नो कार्य विपतको अवस्थामा समेत सुचारु गर्ने उद्देश्यले विपत् पुनरोत्थान केन्द्र (Disaster Recovery Site) स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

# कोषमा डिजिटल फाँटबारीले सेवा प्रवाहमा सहजता

कोषमा सुरु भएको डिजिटल फाँटबारीले कोषकट्टी रकम संकलनमा सहजता ल्याएको छ । कोषले लिएको विद्युतीय सेवा प्रवाहको नीतिलाई मूर्तरुप दिन डिजिटल माध्यमबाट फाँटबारी पठाउने व्यवस्था गरिएको हो । यसको लागि कोषले आवश्यक पूर्वाधारको विकास गरी कार्यारम्भ गरेको थियो ।

अनलाइन सापटी, सापटी फिर्ता तथा DTA मार्फत् कर्जा रकम ट्रान्सफर कार्य गरिरहेको कोषले गत मंसिर २८ देखि डिजिटल फाँटबारीको सुरुआत गरेको हो । कोषमा आवद्ध करिब ६ लाख सञ्चयकर्ताको कोषकट्टी रकमको संकलन, लेखाङ्कन एवं अद्यावधिक गर्ने मूल जिम्मेवारी बहन गर्दै आएको कोष व्यवस्थापन विभागले आफ्नो कार्यशैली, कार्यप्रकिया तथा सूचना प्रविधिमा आमूल परिवर्तन गरी प्रविधिमा आधारित डिजिटल फाँटबारीको शुरुवात गरेको हो ।



Digital फाँटवारी प्रणालीले कोष व्यवस्थापन विभागका काम कारबाहीलाई कागजविहीन बनाउँदै जानुका अतिरिक्त कोषलाई डिजिटल युगमा प्रवेश गर्न सहज बनाएको छ । यसबाट कोष र सञ्चयकर्ता बीचको भौतिक दूरी कम हुँदै गएको छ भने नियमित कार्यगत सूचना सम्प्रेषण यर्थाथ समय (Real Time) मा गर्ने अभ्यासको समेत सुरुआत भएको छ ।

कोषकट्टी विवरण डिजिटल प्रणाली (वेव इन्ट्री, वेव अपलोड तथा वेव रियुज) बाट पठाउँदा रकम समयमा नै सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा हुने, दोहोरा खाता सिर्जना नहुने, गलत नाम र नम्बरमा लेखांकन नहुने, भौतिक रुपमा कोषमा उपस्थित भई फाँटवारी तथा बैंक भौचर दिनु नपर्ने, सञ्चयकर्ता कार्यालय एवं कर्मचारीले स्वयं आफ्नो कोषकट्टी विवरण हेर्न सक्ने जस्ता फाइदा हुन्छन् । फलस्वरुप सेवा प्रवाहमा सहजता आउँछ ।

# सेवा प्रबर्द्धन सम्बन्धी विविध कार्यक्रम सम्पन्न

सञ्चयकर्ता सेवा विभाग अर्न्तगत् सेवा प्रबर्द्धन महाशाखाद्वारा कोषले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा विभिन्न स्थानमा गरि १५ वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । यस्ता कार्यक्रममध्ये प्रहरी अस्पताल महाराजगंजमा २०७९ फागुन २ गते, जिल्ला प्रशासन कार्यालय कास्कीमा २०७९ फागुन ८ गते, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा २०७९ फागुन १४ गते, राष्ट्रिय सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठानमा २०७९ फागुन २१ गते, सैनिक आर्थिक प्रशासन निर्देशनालय जंगी अड्डाको समन्वयमा श्री जंगी असवाव खानामा २०७९ फागुन १७ गते अर्न्तकिया गरिएको थियो ।

अर्न्तकिया कार्यक्रम मार्फत् सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरकिया कार्यक्रममा विभिन्न निकायका कर्मचारीहरूको प्रत्यक्ष सहभागितामा कोषबाट उपलब्ध हुने विविध प्रकारका सेवासुविधाहरू, कोषको Online digital फाँटवारी र त्यसको Web posting गर्ने तरिका Online special Loan apply गर्ने तरिका लगायत Online Login गरी आफ्नो व्यक्तिगत विवरणको साथै कोषसम्बन्धी थप जानकारी समेत प्रदान गरिएको थियो ।

# तामाकोसी पाँचौंमा कोषको करिब १४ अर्ब ऋण लगानी रहने

तामाकोसी पाँचौं जलविद्युत आयोजनामा कोषले लगानी गर्ने भएको छ । २०८० जेठ ७ गते काठमाडौँमा भएको एक कार्यक्रममा कोषका प्रशासक जितेन्द्र धिताल, प्राधिकरणका प्रबन्ध निर्देशक तथा तामाकोसी जलविद्युत कम्पनीका अध्यक्ष कुलमान घिसिङ, तामाकोसी जलविद्युत कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनोद भण्डारीले सो सम्झौतामा हस्ताक्षर गर्नु भएको हो ।

दोलखाको बिगु गाउँपालिकामा निर्माण हुने ९९.८० मेगावाटको सो आयोजनमा कोषले लगानी गर्न लागेको हो । कोषले सो आयोजनाका लागि १३ अर्ब ७४ करोड ७ लाख ऋण लगानी गर्ने छ । ऋण लगानीको लागि कोष, नेपाल विद्युत प्राधिकरण र तामाकोसी जलविद्युत कम्पनीबीच त्रिपक्षीय सम्झौता भएको छ । यो आयोजना निर्माणका लागि करिब २१ अर्ब १४ करोड रुपैयाँ लाग्ने अनुमान छ । ६५ प्रतिशत ऋण र ३५ प्रतिशत सेयरबाट आयोजनाको लगानी जुटाउने लक्ष्य रहेको छ । आयोजनाको एक मात्र लगानी कर्ता कोष रहेको छ ।



## शाखा कार्यालय भवन निमार्ण कार्य तीव्र



कोषले प्रत्येक शाखाबाट हुने सेवा प्रवाह आफ्नै भवनबाट सञ्चालन गर्ने उद्देश्यले कार्यालय भवन निमार्ण कार्यलाई तीव्रता दिएको छ । शाखा कार्यालय विराटनगर, कोहलपुरले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने शाखा कार्यालय सुर्खेत, पोखरा एवम् हेटौंडामा कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । यसैगरी जनकपुरमा कार्यालय भवन निर्माण कार्य शुरु भएको छ भने शाखा कार्यालय धनगढीमा कार्यालय भवन निर्माणको लागि आवश्यक प्रकिया अघि बढाइएको छ । साथै शाखा कार्यालय बुटवलमा भवन निमार्णका लागि जग्गा खरिद गर्ने प्रक्रिया सुरु गरिएको छ ।

## नयाँ संगठन संरचना र दरबन्दी लागू

कोषमा नयाँ संगठन संरचना र दरबन्दी लागू गरिएको छ । यस अघि २०७५ साल फागुन १ देखि लागू भएको संगठन संरचना र दरबन्दीलाई परिमार्जन गरी कोष सञ्चालक समितिको २०७९ चैत्र १४ को निर्णयबाट नयाँ संगठन संरचना र दरबन्दी स्वीकृत भई सोही मितिदेखि लागू भएको छ । जस अन्तर्गत् अब कोषमा कूल ५०० जना कर्मचारी रहने छन् । यस अघि कुल ५१५ जना कर्मचारीको दरबन्दी रहेको थियो । साथै साबिकका विभागहरू भवन तथा आवास व्यवस्थापन विभागलाई सम्पत्ति व्यवस्थापन विभाग नामाकरण गरिएको छ भने मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागलाई मानव संसाधन व्यवस्थापन विभाग कायम गरिएको छ । साविकको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग अन्तर्गत् रहेको सामान्य सेवा महाशाखालाई सम्पत्ति व्यवस्थापन विभाग अन्तर्गत रहने गरी विभागीय संरचना कायम गरिएको छ ।

## कोषमा दुई सेवा केन्द्र थप हुँदै

कोषले सेवा प्रवाहको क्षेत्र विस्तार गर्ने क्रममा दुई सेवा केन्द्र थप हुने भएको छ । थपिने सेवा केन्द्र झापाको बिर्तामोड र दाङ जिल्लामा रहने छन् । सेवा केन्द्रमा सात सात जना कर्मचारीको दरबन्दी कायम गरिएको छ । सेवा केन्द्रहरु स्थापना भएपछि कोषका सेवा केन्द्रको संख्या ५ पुग्नेछ ।

## कोषको बचत करिब साढे ५ अर्ब

कोषले आ.व. २०७८/७९ मा ५ अर्ब ५८ करोड १७ लाख रुपैयाँ बचत आर्जन गरेको छ । सो मध्ये ४ अर्ब ६० करोड ४६ लाख रुपैयाँ सञ्चयकर्तालाई वितरण गरिएको छ । कोषले आ.व. २०७७/७८ मा रु. ३ अर्ब ९३ करोड ४६ लाख बचत आर्जन गरेको थियो ।

## कोषको बचत रकम मुनाफाका रुपमा वितरण

कोषले आर्थिक वर्ष २०७८/७९ को बचत रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७८/७९ को शुरू सञ्चय कोष मौज्दातमा १.२० प्रतिशत थप रकम निजको कोष खातामा जम्मा हुने गरी वितरण गरिएको हो । सञ्चयकर्तालाई वितरण गरिएको यो रकम विगत १० वर्ष यताकै सर्वाधिक रकम हो ।

## सामाजिक सुरक्षामा करिब ३७.५ करोड रकम वितरण

आर्थिक वर्ष २०७९/८० मा कोषले कुल २२ हजार ४ सय ९५ सञ्चयकर्तालाई ३७ करोड ४१ लाख रुपैयाँ रकम प्रदान गरेको छ । सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत् साधारण रोगतर्फ १९ सय १७ सञ्चयकर्तालाई ७ करोड ६५ लाख, घातक रोगका लागि ५४० सञ्चयकर्तालाई ९ करोड ५९ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत् १९ हजार ८७ सञ्चयकर्तालाई १४ करोड ३१ लाख ५२ हजार, काजकृया अनुदान सुविधा ७९० जना सञ्चयकर्ताका आश्रित परिवारलाई ३ करोड १५ लाख ५० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत १६४ जना हकवालाहरुलाई ३ करोड २८ लाख प्रदान गरिएको छ ।

## ७ लाख बढी सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक




आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म अवकाश प्राप्त समेत गरि ७ लाख ५ हजारको संख्यामा सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक भएको छ। त्यसैगरी कुल १६ हजार ५ सयभन्दा बढी OFFICE KYC अद्यावधिक भएको छ। कोषले प्रदान गर्ने सबै सेवा सुविधालाई क्रमश: प्रविधिमा आधारित बनाउँदै लैजाने सन्दर्भमा KYC अद्यावधिकीकरणलाई अनिवार्य गरिएको छ ।

## ४३० जना कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०७९/२०८० मा जम्मा ४३० जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । ३५९ जना कर्मचारी स्वदेशी तथा ७१ जना कर्मचारी वैदेशिक तालिममा मनोनयन भई तालिम प्राप्त गरेका छन् ।

## आ.व. २०८०/८१ को ब्याज दरमा परिवर्तन

कोषले २०८० श्रावण १ गते देखि आर्थिक वर्ष २०८०/८१ को लागि लिने र प्रदानगर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ। अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिइने ब्याज ७.५० प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ८.६० घर सापटी, शैक्षिक सापटी, घरमर्मत सापटीमा ९.२५ साथै जग्गा खरिद सापटी र सरल चक्र कर्जामा ९.७५ प्रतिशत ब्याज लिने निर्णय गरिएको छ ।

सञ्चय कोष तथा निवृत्तभरण कोषमा:- ७.५० प्रतिशत
विशेष सापटी:- ८.६० प्रतिशत
घर सापटी:- ९.२५ प्रतिशत
शैक्षिक सापटी:- ९.२५ प्रतिशत
घरमर्मत सापटी:- ९.२५ प्रतिशत
जग्गा खरिद सापटी:-९.७५ प्रतिशत
सरल चक्र कर्जा:- ९.७५ प्रतिशत

तर धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा पाकेको ब्याजमा ०.२५ प्रतिशतले छुट दिने निर्णय भएको छ ।

## निवृत्तभरणमा ६३ हजारभन्दा बढी कर्मचारी आवद्ध




कोषमा हालसम्म ६३ हजार २ सय ८२ जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ। नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ बाट रकम जम्मा हुन शुरु भएको थियो । हालसम्म ३२ सय ११ वटा कार्यालयबाट रु. ६ अरब ५० करोड भन्दा बढी योगदान रकम संकलन भैसकेको छ ।

निवृत्तभरणमा योगदानकर्ता:- ६३,२८२ जना
कार्यालय :- ३२११ वटा
हालसम्म :- रू. ६ अर्ब ५० करोड
आर्थिक वर्ष २०७८/७९ मा :- रू. ३ अर्ब १९ करोड रकम जम्मा भएको

## १७ सार्वजनिक संस्था कोषमा आवद्ध

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले थप १७ वटा संस्थासँग सम्झौता गरेको छ। त्यसरी आवद्ध हुने संस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय, एचआइडिसिएल, आरबिबि मर्चेन्ट बैंक, साझा यातायात, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेड, मानव अङ्ग प्रत्यारोपण केन्द्र, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय मानव अधिकार आयोग र रेडियो नेपाल लगायतसँग सम्झौता भएको छ ।

# वार्षिकोत्सवको उपलक्ष्यमा खेलकुद कार्यक्रम सञ्चालन

कोषले आफ्नो ६२औं वार्षिकोत्सवलाई हर्षोल्लासपूर्ण रुपमा मनाउने सिलसिलामा कोषको खेलकुद समितिले विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरेको छ । कोषमा कार्यरत कर्मचारीहरुबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले यही २०८० भाद्र १५ देखि शुरु भएको खेलकुदका कार्यक्रमहरु भाद्र २८ सम्म सञ्चालन भएका थिए । कोषको वार्षिकोत्सवलाई भव्यताका साथ मनाउने क्रममा आयोजना भएका खेलकुदका कार्यक्रमहरुमा फुट्सल, स्वेच्छिक प्रस्तुति (Go As you like), टेबल टेनिस, चेस, ब्याडमिन्टन, म्युजिकल बल र कविता वाचन रहेका थिए ।















# शाखा कार्यालय विराटनगर

## Modular Data Center को स्थापना



कोषको विराटनगरस्थित शाखा कार्यालयमा Modular Data Center को स्थापना गरिएको छ । प्राकृतिक प्रकोप, साइबर आक्रमण तथा अन्य अनपेक्षित घटनाहरुको समयमा कोषको Data Center मा रहेका महत्वपूर्ण Data तथा प्रणालीहरुको अनुपलब्धता भएको अवस्थामा Data तथा प्रणालीहरुलाई छिटो र सुरक्षित रुपमा पुनर्स्थापना गर्ने उद्देश्यले वैकल्पिक Data भण्डार स्थलको रुपमा यो Data Center को स्थापना गरिएको हो । यसका लागि चौबीसै घण्टा विद्युत आपूर्ति सहज हुनेगरी ७५ KVAको जेनेरेटर समेत राखिएको छ ।

## Onsite KYC अद्यावधिकीकरण



विराटनगर शाखा कार्यालयद्वारा झापा जिल्लास्थित सशस्त्र प्रहरी तालिम शिक्षालयमा नवप्रवेशी ८० जना प्रहरी जवानहरुको व्यक्तिगत KYC अद्यावधिक गरिएको छ । सो अवसरमा त्यस कार्यालयमा कार्यरत अन्य कर्मचारीहरु सहित अन्तर्क्रिया कार्यक्रम पनि सम्पन्न गरिएको छ ।

सो शिक्षालयमा कार्यरत लगभग १०० जना प्रहरी जवान तथा अधिकृतहरुको सहभागिता रहेको सो कार्यक्रममा कोषका सहायक प्रबन्धक काशीनाथ खतिवडा तथा प्रमुख सहायक (अन्य सेवा) रामचन्द्र पोखरेलले KYC अद्यावधिकीकरण गर्नुभएको थियो । सो अवसरमा सहायक प्रबन्धक खतिवडाले कोषले प्रवाह गरिरहेका सेवा सुविधा, Individual & Office KYC को आवश्यकता र महत्व, Office KYC update गर्दा ध्यान दिनुपर्ने विषयहरु तथा Digital फाँटवारी तयारीको प्रक्रियाका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

## सञ्चयकर्ता अन्तर्क्रिया

विराटनगर शाखा कार्यालयद्वारा मिति २०८० असार १ मा आदर्श माध्यमिक विद्यालय, मेचीनगरमा झापा जिल्लास्थित ६५ वटा विद्यालयका शिक्षक तथा प्रतिनिधिहरू बीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । मेचीनगर नगरपालिका तथा शिक्षा समन्वय एकाईको समन्वयमा सो कार्यक्रम आयोजना गरिएको थियो ।



कार्यक्रममा कोषका तर्फबाट विराटनगर शाखा कार्यालयका प्रमुख निर्मला हुमाागाईं, सहायक प्रबन्धकहरू कमलेश कुमार यादव र काशीनाथ खतिवडा तथा प्रमुख सहायक (अन्य सेवा) रामचन्द्र पोखरेलको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा सहायक प्रबन्धक काशीनाथ खतिवडाबाट कर्मचारी सञ्चय कोषको परिचय, स्थापनाको उद्देश्य, कानुनी व्यवस्था र सुरक्षा, शाखाद्वारा प्रवाह गरिने सेवा सुविधा, Individual & Office KYC को आवश्यकता र महत्व, Office KYC update गर्दा ध्यान दिनुपर्ने विषयहरु तथा Digital फाँटवारी तयारीको प्रक्रियाका सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो ।

सञ्चयकर्ता कार्यालयका प्रतिनिधिहरुको उत्साहजनक सहभागिता रहेको सो कार्यक्रममा कार्यालय प्रमुख निर्मला हुमागाईंले सहभागीहरुका जिज्ञासाहरुको सम्बोधन तथा गुनासाहरुको जवाफ दिनुभएको थियो । सहभागीहरुको तर्फबाट कोषले स्थापना गर्न गइरहेको विर्तामोड सेवाकेन्द्रका सम्बन्धमा जिज्ञासा राख्दै यथाशक्य छिटो उक्त सेवा केन्द्र खोल्न अनुरोध गरिएको थियो । सो अवसरमा ४१ जना सञ्चयकर्ताको Individual KYC update गर्ने कार्य समेत सम्पन्न गरिएको थियो ।

# शाखा कार्यालय जनकपुर

## सञ्चयकर्ता अन्तरक्रिया




जनकपुर शाखा कार्यालयद्वारा पौष २६ गते सिंहासनि मा.वि सोनमा महोत्तरी, पौष २९ गते गोलबजार, सिरहा र माघ ४ गते गाईघाट, उदयपुरमा डिजिटल फाँटवारी तथा सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

विद्यालयका प्रधानाध्यापक तथा लेखासम्बन्धी काम गर्ने कर्मचारीहरुको उपस्थिति रहेको अन्तरक्रिया कार्यक्रममा डिजिटल फाँटवारीको प्रगोगात्मक अभ्यास गराइएको थियो । महोत्तरीको कार्यक्रममा ७१ जना सिरहामा १२० जना र उदयपुको कार्यक्रममा १०३ जना शिक्षक शिक्षिकाको उपस्थिति रहेको थियो । कार्यक्रमबाट उत्साहित सहभागीहरुबाट यस्ता कार्यक्रम आगामी दिनमा समेत गर्न जरुरी भएको धारणा व्यक्त गरिएको थियो ।



त्यसैगरी २०८० भाद्र २२ गते कमलामाई नगरपालिका सिन्धुलीमा अनलाईन कारोवार तथा सेवा सुविधा बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सिन्धुली जिल्लाका करिव एक सय विद्यालयका प्रधानाध्यापक तथा लेखापालहरुको सहभागिता रहेको थियो। सो अवसरमा विद्यालयका प्रधानाध्यापक तथा लेखा सम्बन्धी काम गर्ने कर्मचारीहरुको उपस्थितिमा प्रयोगात्मक रुपमा डिजिटल फाँटवारीको अभ्यास गराइएको थियो। कोषले प्रदान गर्ने सेवा सुविधा ,सेवा प्रवाह प्रकियाको विषयमा कार्यालय प्रमुख तेज प्रसाद खनालले प्रस्तुति गर्नुभएको थियो भने प्रयोगात्कमक अभ्यास प्रमुख सहायक अमित कुमार विश्वकर्माले गराउनु भएको थियो । कार्यक्रमबाट डिजिटल फाँटवारी, अनलाईन सापटी, कर्जा भुक्तानी ,सञ्चयकर्ता स्वास्थ्योपचार, घर सापटी दायरा बिस्तारको विषयमा अन्तरक्रिया भएको थियो । कार्यक्रमवाट धेरै समस्याहरु सामाधान भएको र आगामी दिनमा यस्ता अन्तरकिया कार्यक्रमहरु हुनुपर्ने सम्पूर्ण सहभागीहरुको माग रहेको थियो ।

## KYC अद्यावधिक



जनकपुर शाखा कार्यालयद्वारा नेपाल प्रहरी तथा नेपाली सेनाका गरी ११०५ जनाको Individual KYC अद्यावधिक गरिएको छ । मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराजमा पौष १३ र १४ गते, बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौलिमा पौष १५ गते तथा विभिन्न मितिमा नेपाली सेनाका पशुपति गण उदयपुर, बहादुर शेर गण सिरहा लगायतका ठाँउमा सञ्चालन गरिएका KYC अद्यावधिक तथा अन्तरक्रिया कार्यक्रममा समेत गरि उक्त संख्यामा KYC अद्यावधिक गरिएको हो ।

# शाखा कार्यालय हेटौडा

## सञ्चयकर्ता अन्तर्क्रिया



हेटौडा शाखा कार्यालयले वीरगञ्ज महानगरपालिकामा अन्तरकिया कार्यक्रम सञ्चालन गरेको छ । अन्तरकिया कार्यक्रममा सो महानगरपालिका अन्तर्गत् रहेका करिब ९० वटा सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक एवं लेखासँग सम्बन्धित कर्मचारीहरुलाई डिजिटल फाँटवारी तयार गरी अपलोड गर्ने सम्बन्धी जानकारी प्रदान गर्नुका साथै कोषले प्रदान गर्ने विभिन्न सेवा सुविधाका बारेमा समेत जानकारी प्रदान गरिएको थियो ।

त्यसैगरी मिति २०८० मा कोल्हवी नगरपालिका अन्तर्गत् रहेका करिब ३२ वटा विद्यालयका प्रतिनिधिहरुसंग छलफल तथा अन्तर्किया कार्यक्रम सम्पन्न गरियो । त्यस्तै असार १५ गते बकैया गाउँपालिका अन्तर्गत् रहेका करिब ८७ वटा विद्यालयका प्रतिनिधिहरुसँग छलफल तथा अर्न्तकिया कार्यक्रम गरियो । सो अवसरमा कोषका कर्मचारीले सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधा तथा डिजिटल फाँटवारी र योगदानमा आधारित निवृत्तभरणको बारेमा जानकारी दिनु भएको थियो ।

## Onsite KYC अद्यावधिकीकरण

हेटौडा शाखा कार्यालयद्वारा मिति २०८० भाद्र ८ र ९ गते चितवनस्थित ओम शान्ति एकेडेमी, भरतपुर–१० चितवनमा १९५ जना सञ्चयकर्ताको अनसाईट KYC Update सम्पन्न गरियो। उक्त कार्य सम्पन्न गर्न शाखाका सहायक प्रवन्धक सन्तोष बहादुर चन्द र सेवा करार कर्मचारी श्री ललन साह हलुवाई उक्त एकेडेमीमा जानुभएको थियो । सो अवसरमा कोषले प्रदान गर्ने सेवा-सुविधा बारे जानकारी समेत प्रदान गरिएको थियो ।



# शाखा कार्यालय पोखरा

## सेवा–सुविधाबारे जानकारी प्रदान



पोखरा शाखा कार्यालयद्वारा सञ्चयकर्तालाई कोषका बारेमा विविध जानकारी प्रदान गरियो । २०७९ पुस १४ र १५ गते अन्नपुर्ण गाउँपालिका कास्कीमा कार्यक्रम सम्पन्न गरियो । त्यस्तै २०७९ पुस २६ देखि २९ सम्म लमजुङ जिल्ला अन्तर्गत् सुन्दरबजार र मध्य-नेपाल नगरपालिकाका कार्यालयहरूमा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रियासम्बन्धी अभिमुखीकरण र अन्तरक्रिया एवं डिजिटल फाँटबारीसम्बन्धी कार्यक्रम सम्पन्न भयो ।

## प्रचारप्रसार

पोखरा शाखा कार्यालयले फाल्गुण ८ गते सञ्चयकर्ता अन्तरक्रिया तथा प्रचारप्रसार कार्यक्रम सम्पन्न गरेको छ । जिल्ला प्रशासन कार्यालय कास्कीको सभाहलमा कोषसँग सम्बन्धित सञ्चयकर्ता कार्यालय प्रमुख र लेखा अधिकृतको उपस्थितिमा कोषबाट प्रवाह भएका सेवा सुविधा र Digital Card वितरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

## KYC अद्यावधिकीकरण






पोखरा शाखा कार्यालयले विभिन्न जिल्लामा Onsite KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको छ । यसै सिलसिलामा मिति २०७९ माघ ४ र ५ गते पश्चिम पृतना तालिम शिक्षा केन्द्र तनहुँ खैरेनीटार र फुलबारी ब्यारेक पोखरामा २१० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरेको छ । त्यसैगरी मिति २०७९ माघ २४ र २५ मा रुरु भैरव दल गण तनहुँमा ११० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ । मिति २०७९ माघ २२ मा विजयपुर ब्यारेक पोखरामा करिब ११० जनाको KYC अद्यावधिक गरिएको छ भने मिति २०७९ माघ २९ गते चन्डी प्रसाद गण लमजुङमा करिब ११५ जनाको KYC अद्यावधिक  गरिएको छ ।

# शाखा कार्यालय बुटवल

## सञ्चयकर्ता अन्तरक्रिया



बुटवल शाखा कार्यालयले अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकामा योगदानमा आधारित पेन्सन, डिजिटल फाँटवारी प्रविष्टि तथा सञ्चय कोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सञ्चयकोष सम्बद्ध सञ्चयकर्ताको व्यक्तिगत खातामा लेखांकनको कार्यलाई छिटो, छरितो, शुद्ध र प्रभावकारी बनाउन सञ्चयकर्ता कार्यालयबाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गरी पुर्ण रुपमा कागज रहीत कारोबार गर्ने कोषको नीति अनुरुप सो अन्तरक्रिया गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय सम्बद्ध लेखा कर्मचारी र नगरपालिकाबाट ६० जना सञ्चयकर्ताको उपस्थिति रहेको थियो ।



त्यसैगरी लुम्बिनी प्रदेश तालिम केन्द्र बुटवलमा डिजिटल फाँटवारी प्रबिष्टि तथा सञ्चय कोषको सेवा प्रवाह सम्बन्धमा अन्तक्रिया कार्यकम सम्पन्न गरियो । कार्यक्रममा फाँटवारी सम्प्रेषणको डिजिटल प्रणालीका फाइदाहरु र सो को प्रकिया सम्बन्धमा सहभागिहरुलाई जानकारी गराईएको थियो । विभिन्न युनिटका करिब बीस जना लेखा सम्बद्ध सञ्चयकर्ताको उपस्थिति रहेको सो कार्यकमलाई कोषका उप प्रबन्धक बिजय थापा र प्र.स. कृष्ण प्रसाद पोखरेलले सहजीकरण गर्नु भएको थियो ।

बुटवल शाखा कार्यालयबाट गुल्मीको तम्घासमा बैशाख ८ गते अन्तरक्रिया कार्यकम सम्पन्न गरियो । रेसुङ्गा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुल्मी र मुसिकोट नगरपालिकाको समन्वयमा शाखा कार्यालय बुटवलको आयोजनामा योगदानमा आधारित पेन्सन, सञ्चय कोषको डिजिटल फाँटवारी प्रविष्टि तथा कोषले प्रदान गरिरहेको सेवा सुविधाको सम्वन्धमा उक्त कार्यक्रम सम्पन भएको हो ।

रेसुङ्गा नगरपालिकाको सभाहलमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुख, लेखा अधिकृत, लेखापाल, लेखा सम्वद्ध कर्मचारी, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय सम्बद्ध कर्मचारी र नगरपालिकाका गरी १ सय ३० जना सञ्चयकर्ताको उपस्थिति रहेको थियो । सो अवसरमा कोषकट्टी विवरण डिजिटल प्रणालीवाट पठाउँदा हुने फाइदाका बारेमा जानकारी प्रदान गरिएको थियो । शाखा कार्यालय प्रमुख अर्जुन प्रसाद उपाध्याय संलग्न कार्यक्रममा प्र.स. कृष्ण प्रसाद पोखरेल र तारा कुमारी शाहले अन्तरक्रिया कार्यक्रममा सहजीकरण गर्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले स्वागत गर्नुभएको थियो । उक्त कार्यक्रममा विशिष्ट अथिति, जिल्ला शिक्षा समन्वयका प्रमुख लोकनाथ मरासिनी, को.ले.नि.का. गुल्मीका प्रमुख कोष नियन्त्रक छविलाल बेल्बासे र प्रमुख जिल्ला अधिकारी सागरमणि पाठक प्रमुख अथिति रहनु भएको थियो ।

## सेवा सवलीकरणमा अस्पतालसँग सम्झौता

कर्मचारी सञ्चय कोष तथा जिल्ला रुपन्देही, मायादेवी गाउँपालिका वडा नं. ८ अवस्थित सिटी हस्पिटल प्रा.लि. बीच सम्झौता सम्पन्न भएको छ। सहमति अनुसार कोषका शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको उपचारको क्रममा अस्पतालमा विभिन्न छुट प्रदान गरिएको छ। जस अनुसार ओ.पि.डि सेवामा १५ प्रतिशत, अप्रेशन सेवा १० प्रतिशत, बिद Investigation मा २० प्रतिशत, जनरल वेड चार्जमा १५ प्रतिशत, क्याबिन बेड चार्जमा १० प्रतिशत भिडियो एकसरे, एक्सरेमा २० प्रतिशत, ई.सि.जि. मा २० प्रतिशत, सिटी स्क्यानमा १० प्रतिशत फिजियोथेरापी सेवामा १० प्रतिशत तथा अन्य सेवाहरूमा ५ देखि १० प्रतिशतसम्म भएको छ।

## अभिमुखीकरण कार्यक्रम

जिल्ला प्रशासन कार्यालय पाल्पा र तानसेन नगरपालिकाको सहयोग र समन्वय समिति २०७९ फागुन १० गते तानसेन नगरपालिकाको सभा हलमा बुटवल शाखा कार्यालयले सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्‍यो। सो अवसरमा कोषको सेवा प्रवर्द्धन महाशाखा प्रमुख दिलिपराज पौडेलले कोषले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी प्रदान गर्नु भएको थियो। करिब ४०० जना उपस्थित सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्त, कोष तथा लेखा नियन्त्रण कार्यालय पाल्पाका प्रमुख सशेन्द्र खनाल, जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी, सुरक्षा निकायका प्रमुखहरू र अन्य उच्च पदस्थ व्यक्तित्वहरूको पनि उपस्थिति रहेको थियो।

# शाखा कार्यालय कोहलपुर

## KYC अद्यावधिकीकरण



कोहलपुर शाखा कार्यालयद्वारा २०७९ पुष २१ देखि २३ गतेसम्म सबुज गणमा एक कार्यक्रम सञ्चालन गरि त्यहाँ कार्यरत १ सय १५ जना सैनिक सञ्चयकर्ताको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो। सो अवसरमा सहायक प्रबन्धक तोजेन्द्र रोकाय र सहायक दिनेश कुमार चौधरीले कोषले प्रदान गर्ने विभिन्न वित्तीय एवं सामाजिक सुरक्षा सुविधाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो।

## घोराही, तुल्सीपुर र राजापुरमा सञ्चयकर्ता अन्तरक्रिया

शाखा कार्यालय कोहलपुरद्वारा गोर्खा ग्रुप अन्तर्गत् सञ्चालित दाङ उपत्यकाका चारवटा विद्यालयहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। सो अवसरमा ती विद्यालयहरूमा अनसाइट व्यक्तिगत KYC भर्नुका साथै कोषले प्रदान गर्ने सेवा सुविधाहरू र अन्य विषयमा जानकारी प्रदान गरिएको थियो। सो अन्तरक्रिया कार्यक्रममा कोषको कोहलपुर शाखा कार्यालयका प्रमुख शशी कुमार देवकोटा र उप प्रबन्धक मनोज लामिछानेले कोषले प्रदान गर्ने सेवा सुविधाहरू र अन्य विषयमा प्रकाश पार्नुका साथै अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासाहरूलाई कोषका सहायक प्रबन्धक टेक बहादुर के.सी. र उमेश राज भट्टले सम्बोधन गर्नुभएको थियो। गोर्खा स्कुलको तर्फबाट अध्यक्ष बिष्णु बहादुर घर्तिमगर र प्रिन्सिपल बिजय जि.एम र संस्थापक श्री दुर्गा बहादुर के.सी. सहित करिब २०० जना शिक्षक एवम् कर्मचारीहरूको उपस्थिति रहेको थियो।

यसका साथै मिति २०८० वैशाख २५ मा बर्दियाको राजापुरमा नगरपलिकाभित्रका समुदायिक विद्यालयका प्रधानाध्यापक एवम् लेखा प्रमुखको सहभागितामा डिजिटल फाँटवारी र कोषका सेवा प्रवाह र अन्य गतिविधिहरूको बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रम नगरपालिकाका कार्यकारी प्रमुख महेन्द्र जङ्ग शाहीको उपस्थितिमा कोषको सहायक प्रबन्धक तोजेन्द्र रोकाय र रामनारायण चौधरीले संयुक्त रुपमा सञ्चालन गर्नु भएको थियो। सो कार्यक्रममा करिब ४० जनाको उपस्थिति रहेको थियो।

# शाखा कार्यालय सुर्खेत

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया

सुर्खेत शाखा कार्यालयले नेपाली सेनाको उत्तर पश्चिम पृतना हेडक्वार्टर निमारे विरेन्द्रनगरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सैनिक कर्मचारीहरुलाई कोषले प्रदान गर्दै आइरहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराएको छ। सो पृतना अन्तर्गत् रहेको गण तथा गुल्महरुमा कार्यरत गणपति, गुल्मपति, लेखा गराइएको थियो। खलङ्गास्थित संघीय कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वयमा लेखासँग सम्बन्धित कर्मचारीहरु तथा अन्य सञ्चयकर्ताहरुको सहभागितामा कोष तथा लेखा नियन्त्रक कार्यालयकै तालिम कक्षमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।



प्रमुख तथा अन्य सैनिक कर्मचारीहरुलाई समेत सहभागी गराई मिति २०७९ पौष २२ गते सोही हेडक्वार्टरको तालिम कक्षमा प्रमुख सेनानी शारदा भक्त मटाङ्ग गुलुको प्रमुख आतिथ्यमा सैनिक उच्च अधिकृत, अधिकृत तथा सकल दर्जाहरु गरी १०२ जनाको सहभागितामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।

त्यसैगरी मिति २०८० असार १३ गते सल्यान जिल्लाको खलङ्गामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। सो अवसरमा सञ्चयकर्ताहरुलाई कोषबाट दिंइदै आएको सेवा सुविधाहरु लगायत कोषका गतिविधिहरुको सम्बन्धमा जानकारी

प्रमुख कोष नियन्त्रक उपसचिव रुक्माँगत अर्यालको आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै कोषका उप-प्रबन्धक बालकृष्ण अर्यालले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो। उहाँले कोष पूर्ण रुपले विद्युतीय प्रणाली लागू गर्नेतर्फ अगाडि बढिरहेको जानकारी गराउनुभएको थियो। कोषका सहायक प्रबन्धक भगवान दाहालले अन्तरक्रिया कार्यक्रममा उठाइएका प्रश्नहरुको जवाफ दिँदै कोषले अवलम्वन गरेको सूचना प्रविधि, CMS, KYC, Web Entry / Online Special Loan आदिको विषयमा प्रकाश पार्नुभएको थियो।

## प्राथमिकतामा KYC अद्यावधिकीकरण

सुर्खेत शाखा कार्यालयले KYC विवरण अद्यावधिक गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ। यसका लागि शाखाका कर्मचारीले समय मिलाएर सञ्चयकर्ता कार्यस्थलमा पुगी अद्यावधिक गर्ने कार्य गरेका छन्। यसै सिलसिलामा मिति २०७९ पौष २२ गते शुक्रबार उत्तर पश्चिम पृतना हेडक्वार्टर निमारे, सुर्खेतमा Onsite KYC अद्यावधिक कार्य सम्पन्न गरियो। सो अवसरमा ९८ जना नेपाली सैनिक सञ्चयकर्ताहरुको KYC Update गरिएको थियो। त्यस्तै मिति २०७९ माघ २१ गते नं २४ बाहिनी अड्डा, जुम्लामा ६६ जना नेपाली सैनिक सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक सहित अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । मिति २०७९ माघ २४ गते नयाँ सबुज गण, कपासे, सुर्खेतमा ९४ जना नेपाली सैनिक सञ्चयकर्ताहरुको Onsite KYC अद्यावधिक गरिएको थियो। उक्त कार्यक्रमहरूमा कोषबाट प्रवाह हुने सेवा तथा कोषले सञ्चयकर्ताहरुलाई उपलब्ध गराउँदै आएका सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी छलफल कार्यक्रम समेत गरिएको थियो।

# शाखा कार्यालय धनगढी

## सञ्चयकर्ता अन्तरक्रिया

शाखा कार्यालय धनगढीले कन्चनपुर जिल्ला, महेन्द्रनगर स्थित सुदुर पश्चिम विश्वविद्यालयमा मिति २०८० असार २७ मा अनलाईन विशेष सापटी, सापटी फिर्ता र डिजिटल फाटवारी



प्रविष्टि, Individual KYC तथा सञ्चयकोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त अन्तरक्रिया कार्यक्रममा विश्वविद्यालयका विभिन्न संकायका लेखा र प्रशासन सम्बद्ध कर्मचारी र प्रध्यापक गरी कुल २२ जना संचयकर्तालाई सञ्चयकर्ताको कार्यालयवाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गरी संचयकोष रकमको लेखाङ्कन कार्यलाई छिटो, छरितो, शुद्ध, पूर्ण रुपमा कागजरहित र प्रभावकारी वनाउने, अनलाईन सापटी भुक्तानी तथा फिर्ता सम्वन्धमा जानकारी आदान प्रदान गरिएको ।

कार्यक्रममा धनगढी शाखाका का.मु. उप-प्रबन्धक महेश श्रेष्ठ र का.मु. सहायक प्रबन्धक बेद प्रकाश रावलले प्रस्तुतीकरण र प्रमुख सहायक रुपराज शर्माले सहजीकरण गर्नुभएको । अन्तरक्रिया कार्यक्रममा विश्वविद्यालयका प्रिन्सिपल श्री कुम्भ बहादुर चन्दले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा सहभागीबाट सोधिएका जिज्ञासाको समाधान पनि गरिएको थियो । सम्पन्न कार्यक्रमबाट कोषको सेवा प्रवाह र संचकर्ताको गुनासो व्यवस्थापन सम्वन्धमा संचयकर्ता कार्यालय र संचयकर्ता समक्ष सकारात्मक सन्देश प्रवाह भएको । समय समयमा कोषले यस प्रकारका कार्यक्रम गर्दै जानुपर्ने सहभागीहरुको प्रतिक्रिया रहेको थियो ।

# सेवा केन्द्र धनकुटा

## सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक

धनकुटा सेवा केन्द्रले जिल्लास्थित नं २ बाहिनी अड्डा हिलेमा मिति २०७९ मंसिर १० गते एक कार्यक्रमको आयोजना गरि ९७ जना सैनिक कर्मचारीहरुको KYC अद्यावधिक गऱ्यो । त्यसैगरि मिति २०७९ पुस ५ गते भिमदल गण सल्लेरी धनकुटामा ९९ जना सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गर्ने काम सम्पन्न गऱ्यो । सो अवसरमा सहायक प्रबन्धक डेन्जम भट्टराई तथा प्रमुख सहायक रामशरण थापाद्धारा नयाँ नियुक्त नेपाली सेनाका कर्मचारीहरुलाई कोषले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा जानकारी प्रदान गर्नुभयो ।

## डिजिटल फाँटबारी सम्बन्धी अन्तरक्रिया



धनकुटा सेवा केन्द्रले संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका स्थित हिमालय मा. वि मा मिति २०७९ पुस २४ मा Digital फाँटबारी इन्ट्री सम्बन्धि अन्तरक्रिया कार्यकम सञ्चालन गऱ्यो ।

Digital फाँटबारीलाई शत प्रतिशत कार्यान्वयन गराउने उद्देश्यले सञ्चालित सो कार्यक्रममा सहायक प्रबन्धक डेन्जम भट्टराई तथा प्रमुख सहायक मोहन काफ्लेले लेखासँग सम्बन्धित कर्मचारी तथा विद्यालयका प्रधानाध्यापकको सहभागितामा Office KYC तथा Digital फाँटबारी इन्ट्रीको प्रत्यक्ष अभ्यास गराउनुका साथै कोषले प्रवाह गरेका सेवा सम्बन्धमा जानकारी समेत दिनुभएको थियो ।

# कर्मचारी संगठनहरुका गतिविधि

## नेपाल वित्तीय संस्था कर्मचारी संघ

**दशैं शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न:**

मिति २०७९/०६/०९ गते नेपाल सरकारका पूर्वमन्त्री माननीय मिनेन्द्र रिजालको प्रमुख आतिथ्यतामा नेपालीहरुको महान चाड बिजया-दशमी, भाईटिका, छठ तथा सम्पूर्ण चाडपर्वहरुको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा कोषमा लामो समय सेवा गरी अवकाश भएका १६ जना कर्मचारीहरुलाई सम्मान समेत गरिएको थियो । उक्त कार्यक्रमको सभापतित्व फियन सञ्चय कोषका अध्यक्ष अर्जुन प्रसाद आचार्यले गर्नुभएको थियो भने विशेष अतिथिको रुपमा रहनुभएका नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव योगेन्द्र कुँवरले समग्र ट्रेड युनियन बदलिदो परिस्थिति अनुसार बदलिनुपर्ने धारणा राख्नुभएको थियो ।



**नेपाल वित्तीय संस्था कर्मचारी संघ को कार्यवाहक अध्यक्षमा बद्रीराज खड्का चयन**

नेपाल वित्तीय संस्था कर्मचारी संघ को कार्यवाहक अध्यक्षमा बद्रीराज खड्का चयन हुनुभएको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघ को अध्यक्ष श्री अर्जुन प्रसाद आचार्यको प्रबन्धकमा पदोन्नति भएसँगै केन्द्रीय समितिको २०७९/०७/३० गतेको पूर्ण बैठकले बरिष्ठ उपाध्यक्ष श्री बद्रीराज खड्कालाई सर्वसम्मत रुपमा कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरेको छ ।

**नेपाल वित्तीय संस्था कर्मचारी संघ कर्मचारी सञ्चय कोषको ११औं अधिवेशन सम्पन्न**

नेपाल वित्तीय संस्था कर्मचारी संघ कर्मचारी सञ्चय कोषको ११ औ अधिवेशन २०७९ मंसिर २३ र २४ गते संघको केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका महामन्त्री माननीय गगन कुमार थापाले गर्नुभएको थियो भने विशेष अतिथीको रुपमा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सह-महामन्त्री माननीय निमा गिरी रहनुभएको थियो । उक्त अधिवेशनले बद्रीराज खड्काको अध्यक्षतामा निम्नानुसारको केन्द्रीय समिति चयन गरेको छ ।

**केन्द्रीय समिति पदाधिकारीहरु**

| | |
|---|---|
| **अध्यक्ष** | बद्रीराज खड्का |
| **वरिष्ठ उपाध्यक्ष** | बल बहादुर कुँवर |
| **उपाध्यक्ष** | सरोज कुमार यादव |
| **उपाध्यक्ष महिला** | सविता अर्याल |
| **महासचिव** | खिमबहादुर खड्का |
| **उप-महासचिव** | भानुभक्त गौतम |
| **सचिव** | सरोज बस्नेत |
| **सह-सचिव** | उमेशराज भट्ट |
| **कोषाध्यक्ष** | ईश्वर श्रेष्ठ |
| **केन्द्रीय सदस्यहरु** | |
| सरोज अधिकारी | गौरीशंकर मल्लिक |
| अनिशा काफ्ले | रिपु कुमारी चौधरी |
| सन्तोष आचार्य | टिकानिधि दनै |
| माया नेपाली | विमल कट्वाल |
| मञ्जु क्षेत्री | गेहेन्द्र भुषण ढुंगेल |
| निलु कुमारी कर्ण | सुष्मा थापा |
| प्रदिप मरासिनि | खुमकान्त भण्डारी |
| सुनिल शर्मा | दिनेशकुमार चौधरी |
| **केन्द्रीय सभा** | |
| सभामुख | महेन्द्रनाथ भट्टराई |
| उप-सभामुख | एकता बस्ताकोटी |



## बनभोज कार्यक्रम सम्पन्न




नेपाल वित्तीय सस्था कर्मचारी संघ कर्मचारी सञ्चय कोषको आयोजनामा मिति २०७९ पौष ९ गते शनिबारका दिन रमणीय स्थल पञ्चदेवल पिकनिक स्थल गोदावरीमा बृहत बनभोज कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा आयोजित विभिन्न रोमाञ्चक कार्यकमले बनभोजलाई अविस्मरणीय बनाएको थियो। सो कार्यकममा प्रमुख अतिथि कोषका आदरणीय प्रशासक जितेन्द्र धिताल रहनुभएको थियो । यस्ता कार्यक्रमले समग्र कर्मचारीमा सहिष्णुता स्थापित भई सांगठनिक लक्ष्य प्राप्त गर्न समेत सहयोग हुने विश्वास गर्न सकिन्छ ।

## ३३ औ फियन-डे भव्यताका साथ सम्पन्न

नेपाल वित्तीय सस्था कर्मचारी संघको ३३ औ वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी भव्यताकासाथ सम्पन्न भएको छ। उक्त अवसरमा आयोजित प्रभातफेरी कार्यक्रममा फियन सञ्चय कोषबाट उल्लेखनीय सहभागिता रहेको थियो । सो अवसरमा उपस्थित कर्मचारीहरुबीच एक आपसमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरी सम्पन्न भयो ।

## नयाँ आगन्तुक कर्मचारीलाई बधाई तथा स्वागत कार्यक्रम सम्पन्न



नेपाल वित्तीय सस्था कर्मचारी संघ कर्मचारी सञ्चय कोषले कोषमा नव-प्रवेशी कर्मचारी साथीहरुलाई बधाई तथा स्वागत कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ। उक्त कार्यक्रमको सभापतित्व यस संघका अध्यक्ष श्री बद्रीराज खड्काले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिव खिम बहादुर खड्काले गर्नुभएको थियो ।









# सञ्चय कोष कर्मचारी संगठन

ट्रेड यूनीयन ऐन २०४९ बमोजिम वि.सं २०५१ साल बैशाख २६ गते विधिवत् रुपमा सञ्चय कोष कर्मचारी संघको नाममा दर्ता भई सदैव कर्मचारीको हक-हितमा समर्पित रही आएको यो संगठन २०७५ फाल्गुणबाट “सञ्चय कोष कर्मचारी संगठन” को रुपमा कियाशील रहेको छ । **एक वर्षभित्र सञ्चालन गरेका प्रमुख गतिविधि यस प्रकार रहेका छन् :-**

१. हालसम्म केन्द्रीय कमिटिको बैठक ४५ औं पटक र सचिवालयको बैठक ५० औं पटक सम्पन्न भएको छ । विभाग, शाखा, क्षेत्रीय कमिटीको बैठक आवश्यकतानुसार बसेको, संगठनले हरेक तहका बैठकहरुमा आम कर्मचारीका हितको लागि के गर्न सकिन्छ भन्ने बारेमा छलफल गरि विभिन्न निर्णय गर्न सफल भएको ।



२. केन्द्रीय कमिटिको निर्णय बमोजिम वर्तमान केन्द्रिय कमिटिका अध्यक्ष श्री धर्मराज मैनाली ज्यूलाई बैक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघको अध्यक्ष पदमा निर्वाचित गराउन सफल भएको, यस्तै सदस्यमा महासचिव कृष्ण प्रसाद अधिकारी, डम्मरादेवी अर्याल, लिली अर्याल, प्रकाश बस्नेतलाई विफूमा निर्वाचित गराउन सफल भएको ।

३. केन्द्रीय परिषद् उप सभापति लिली अर्याल (दाहाल) ज्यूलाई पेशागन महासंघको केन्द्रिय सदस्य निर्वाचित गराउन सफल भएको ।

४. संगठनको केन्द्रीय कमिटिले २०७९ माघ ६ देखि ८ गतेसम्म ललितपुरको गोदावरीस्थित कोटडाँडामा कोष, आम सञ्चयकर्ता र कोषका कर्मचारीहरुको हित सम्बन्धि विषयमा २ दिनसम्म वृहत् छलफल गरि निम्नलिखित प्रमुख विषय अन्तर्गत ९४ बुँदे सुझाव कार्यान्वयनका लागि व्यवस्थापन समक्ष पेश (२०७९/१०/११ मा दर्ता नं. १८०८) गरेको :-

**नीतिगत तथा कानूनी विषय**

- सञ्चय कोष तथा निवृतिभरण कोष व्यवस्थापन
- सामाजिक सुरक्षण
- सेवा प्रवाह
- भवन तथा सम्पती व्यवस्थापन
- संगठनात्मक संरचना तथा दरबन्दी
- मानव संशाधन व्यवस्थापन
- आन्तरिक व्यवस्थापन
- लगानी तथा असूली
- सूचना प्रविधि

५. केन्द्रीय कमिटिको निर्णय बमोजिम समसामयिक समस्या समाधानार्थ व्यवस्थापनसँग विभिन्न मितिमा लिखित, मौखिक, औपचारिक तथा अनौपचारिक रुपमा भेटघाट गरी ध्यानाकर्षण गराउँदै आइरहेको ।

६. केन्द्रीय कमिटिको निर्णय बमोजिम कोषको शाखा कार्यालयको व्यवस्थापकीय अवस्था, भौतिक, प्राविधिक, मानव संशाधन, सेवा प्रवाह, कार्यवातावरण, कर्मचारीको मनोबल जस्ता विषयमा रहेका आन्तरिक तथा बाह्य समस्या सम्बन्धमा अध्यक्षको नेतृत्वमा शाखा कार्यालय र सेवा केन्द्रको अवलोकन निरीक्षण गरी समाधानार्थ कोष व्यवस्थापनलाई सुझाव दिइएको ।

७. संगठनका संरचना, शाखा कमिटि, प्रदेश कमिटि, केन्द्रीय कमिटि केन्द्रीय महाधिवेशन जस्ता निकायको जिम्मेवारी, दायित्व निर्वाहको क्रममा विभिन्न औपचारिक अनौपचारिक बैठक सम्पन्न भएका ।



८. माथिल्लो छाता संगठनको निर्णय बमोजिम विभिन्न तालिम, सेमिनार, छलफलमा भाग लिन संगठनका

अध्यक्ष, महासचिव, पदाधिकारी तथा सदस्य जाने व्यवस्थाको पालना गर्दै त्यस्तो तालिम सेमिनार आदिबाट प्राप्त ज्ञानलाई कोष तथा कोषका कर्मचारीको हितमा उपयोग गर्ने प्रयास भैरहेको ।

९. बौद्धिक तथा रचनात्मक क्रियाकलाप अन्तर्गत् : कविता/निबन्ध प्रतियोगिता, प्रतिभा प्रष्फुटन डबली, लेखन सीप/प्रतिवेदन प्रशिक्षण, कार्यपत्र प्रस्तुती, प्रतियोगितात्मक परीक्षाका तयारी कक्षा, रक्तदान कार्यक्रम, स्वास्थ्य परीक्षण, सामाजिक उत्तरदायित्व वहन, वनभोज कार्यक्रम लगायतका कार्यक्रम सम्पन्न गरि कर्मचारीहरुको प्रतिभा विकास गर्न तथा आपसी सद्भाव र सहकार्य अभिवृद्धि गर्न सघाउ पुऱ्याउँदै आएको ।

१०. कोष व्यवस्थापन तथा यस संगठनको बीचमा पटक पटक समसामयिक विषय तथा कर्मचारीहरुको आर्थिक सुविधा वृद्धिका सम्बन्धमा छलफल भएको छ । फलस्वरुप कर्मचारी सेवा शर्त नियमावली तर्जुमा, आन्तरिक पर्यटनमा सरलीकरण, सबै कर्मचारीहरुलाई इन्धन सुविधा वितरणको सुरुवात, उपदान, सामाजिक सुरक्षण (कर्मचारी तथा सञ्चयकर्ताको हकमा), कर्मचारी कर्जा रकममा वृद्धि, दैनिक भ्रमण भत्तामा वृद्धि गराउन यो संगठन सफल भएको ।



११. नेपाल सरकारद्धारा हालै अन्य संस्थाका कर्मचारीहरुको सेवा सुविधामा थप गरिएको अवस्थामा यो संगठनद्धारा अन्य दुई कर्मचारी यूनियन सहितको सहभागितामा व्यवस्थापनसँग छलफल गरी संस्था तथा कर्मचारीको हितमा हुनेगरी आर्थिक सुविधा वृद्धिका लागि व्यवस्थापन समक्ष मागहरु पेश गरिएको ।

कर्मचारी सञ्चय कोष मुलुककै ठूलो वित्तीय/सामाजिक सुरक्षण संस्था हो । यसलाई विज्ञ व्यवस्थापन, सुरक्षित लगानी, चुस्त सांगठनिक संरचना, वैज्ञानिक सेवा प्रवाह, उचित प्रतिफल मार्फत् सन्तुष्ट र स्वस्थ सञ्चयकर्ताको परिवार (Happy and healthy family of satisfied members) बनाउने तर्फ सञ्चय कोष कर्मचारी संगठन दृढता एवं प्रतिबद्धताका साथ लागिरहेको छ । कोषलाई हाल प्राप्त योगदानमा आधारित निवृत्तभरण योजनाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थायी रुपमै कोषमा आउनुपर्छ भन्नेमा संगठन स्पष्ट छ । यसको लागि गर्नुपर्ने प्रयासमा कोष व्यवस्थापन अझ दृढताका साथ लागि परिणाममा पुऱ्याओस् । यस सन्दर्भमा संगठनको तर्फबाट दिनुपर्ने हर साथको लागि यो संगठन तयार एवं प्रतिबद्ध ।

देशमा उर्जा संकट हटाउन योगदान पुग्नेगरि जलविद्युत क्षेत्रमा लगानी, पूँजी बजारको विकासमा योगदान, वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा लगानी, उद्योग-व्यवसाय, आवास परियोजना आदिमा लगानी, सञ्चयकर्तालाई विभिन्न सापटी तथा सामाजिक सुरक्षण सुविधा प्रवाह गर्दै आएको संस्था कर्मचारी सञ्चय कोषको नीतिगत एवं समग्र व्यवस्थापकीय पक्ष प्रभावकारी रहेको छ ।

सञ्चय कोष कर्मचारी संगठन आउँदा दिनमा अल्पकालीन-दीर्घकालीन सेवा सुविधा मार्फत् कोषका कर्मचारीहरुको मनोबल उच्च रहोस्, व्यवस्थापन अधिक सक्षम भैरहोस्, सुरक्षित र प्रतिफलयुक्त लगानी मार्फत् सामाजिक सुरक्षाका कार्यक्रमहरुले पर्याप्तता र दीगोपना प्राप्त गर्न सकून् र कोष मुलुककै सुप्रतिष्ठित अग्रणी सामाजिक सुरक्षण संस्थाको पर्याय बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछ ।

कोषको यो ६२औं वार्षिकोत्सव मनाइरहँदा सञ्चय कोष कर्मचारी संगठन समस्त सञ्चयकर्ता/योगदानकर्ता, नेपाल सरकार, अर्थ मन्त्रालय, सञ्चालक समिति, कोष व्यवस्थापन, कोषलाई आजको दिनसम्म ल्याईपुऱ्याउन योगदान दिने अग्रजहरु, सहयात्री कर्मचारी यूनियन तथा कोषका सम्पूर्ण कर्मचारीहरुको योगदानको उच्च सम्मान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै, यो संगठन आगामी दिनमा कोषलाई अझ सशक्त र समृद्ध बनाउन सदैव कियाशील भैरहने प्रण गर्दछ ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठन

कर्मचारी सञ्चय कोषमा कार्यरत कर्मचारीहरुको पेशागत हकहितको संरक्षणका लागि नवीनतम व्यवस्थापकीय मान्यताहरुलाई सामुहिक सौदाबाजी मार्फत् कोषमा लागू गराउने उद्देश्यले स्थापित नेपाल राष्ट्रिय कर्मचारी संगठन, कर्मचारीको हकहित, सेवाको सुरक्षा, समय सापेक्ष सेवा सुविधा, कर्मचारीको व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता



अभिवृद्धि मार्फत् कोषको दिगोपना सुनिश्चितता निम्ति निरन्तर प्रयत्नशील रहेको ट्रेड युनियनका रुपमा परिचित रहेको छ । पछिल्लो समय देशमा भएको आमुल परिवर्तन तथा कोष संग सम्बन्धित पेशागत, संस्थागत तथा अन्य समसामयिक विषयबस्तुमा देखा परेका परिवर्तित आयामहरुको सन्दर्भमा क्रान्तिकारी अभियानलाई पुर्नगठन गर्न वि.सं २०६४ मा स्थापित भई वि.सं २०७८/०४/१५ गते पुर्नस्थापित भएको एक बैधानिक संगठन हो ।

यस संगठनले ट्रेड युनियन आन्दोलनको समाजवादी दृष्टिकोणलाई मुल सिद्धान्तका रुपमा अङ्गिकार गर्दै कोषको प्रशासनिक संयन्त्र भित्र रहेको विभेद, असमानता, यथास्थितिवाद र हैकमवादी चरित्रका विरुद्ध संघर्षलाई अघिबढाउने तर्फ आफ्ना गतिविधि, नीति, विधि र विधानलाई दिशानिर्देश गरेको छ । समानता, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई अंगीकार गर्दै यस संगठनले कोषमा क्रियाशिल समकक्षि ट्रेडयुनियनहरुसँग स्वस्थ प्रतिस्पर्धा गर्दै आएको छ। संगठनका गतिविधिहरु ट्रेडयुनियनको सामान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मान्यता अनुरुप संचालन गर्न अन्तर्राष्ट्रिय श्रम संगठन, मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय घोषणापत्र, नेपालको संविधान, ट्रेडयुनियन ऐन, २०४९ र श्रम ऐन, २०७४ लाई अंगिकार गरिएको छ ।

संगठनका सिद्धान्त र रणनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्नका निम्ति वि. सं २०८० जेष्ठ ५ र ६ गते भक्तपूरको कलमसीमा संगठनको चौथो महाधिबेशन सम्पन्न गरी श्री शंकरप्रसाद अर्यालको संरक्षकत्व तथा श्री रामहरी गौतमको अध्यक्षतामा २१ सदस्यीय केन्द्रिय कार्य समिति निर्माण गरेको छ भने सल्लाहकार समिति, शाखा कार्यालय समिति र अन्य विषयगत समितिहरु सहितको सांगठनिक संरचना निर्माण गरी आफ्ना गतिविधिहरुलाई कोषका सातैवटा प्रदेशिक कार्यालयहरुमा प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको छ ।

**निर्वाचित कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष** | **राम हरि गौतम** |
| **वरिष्ठ उपाध्यक्ष** | चोत बहादुर खड्का |
| **उपाध्यक्ष** | अमर कुमार वि.क. |
| | राजु श्रेष्ठ |
| **महासचिव** | विष्णु प्रसाद रेग्मी |
| **सचिव** | कृष्ण प्रसाद अधिकारी |
| **सचिव** | नारायण प्रसाद पन्थ |
| **सचिव** | युवराज श्रेष्ठ |
| **कोषाध्यक्ष** | निरज रिजाल |
| **सह-कोषाध्यक्ष** | तारा कुमारी शाह |
| सदस्य | कृष्ण गिरी |
| सदस्य | प्रेम कुमार शाह |
| सदस्य | अमित कुमार वि.क. |
| सदस्य | दिपक शर्मा |
| सदस्य | सन्तोष सापकोटा |
| सदस्य | हरिशरण थापा |
| सदस्य | दधिराज घिमिरे |
| सदस्य | मकुन्देव चौधरी |
| सदस्य | सुदिप घिमिरे |
| सदस्य | सुरेन्द्र कुमार दास |
| सदस्य | मात्रिका देवी खतिवडा |

**संरक्षक : शंकर प्रसाद अर्याल**

**केन्द्रीय सभा :**

| | |
|---|---|
| सभामुख | रविन्द्रमान शाक्य |
| उपसभामुख | राम ब. तिमिल्सिना |



## सञ्जालको विकास र विस्तार सम्बन्धि गतिविधिहरु

नेपाल राष्ट्रिय कर्मचारी संगठन, कर्मचारी सञ्चयकोषले ट्रेड युनियन सम्बन्धि अन्य संस्थाहरुमा भएको अभ्यास, सुचनाहरुको आदान प्रदान, ट्रेडयुनियन सम्बन्धि ज्ञानको प्राप्ति र हस्तान्तरण तथा सांगठनिक सिकाईको महत्व र आवश्यकतालाई मध्यनजर



गरी सांगठनिक सञ्जालको विकास र विस्तार सम्बन्धि गतिविधिहरु गर्दै आएको छ । यस संगठनले भिन्न निकाय र तहमा क्रियाशिल तालुक ट्रेड युनियनहरु विश्व ट्रेडयुनियन संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन महासंघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन बैङ्क तथा वित्तीय संस्था (राष्ट्रिय समिति) र अन्य प्रदेशगत समितिहरुमा आफ्नो बलियो उपस्थिति कायम गर्न सफल भएको छ । हाल सम्मका त्यस्ता प्रयासहरुमा संगठनको तर्फवाट निम्नानुसारको प्रतिनिधित्व रहेको ।

| संस्थाको नाम | प्रतिनिधित्व गर्ने व्यक्ति |
|---|---|
| WFTU को नेपाल च्याप्टर अन्तर्गत युवा समिति | श्री रामहरी गौतम |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन (महासंघ) | श्री रामहरी गौतम/शंकर प्रसाद अर्याल |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन बैङ्क तथा वित्तीय संस्था (राष्ट्रिय समिति) | श्री सि.वि खडका (उपाध्यक्ष)<br>श्री अमर कुमार विक (महासचिव)<br>श्री कृष्ण प्रसाद अधिकारी (सदस्य) |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन बैङ्क तथा वित्तीय संस्था (बागमति प्रदेश कमिटि) | श्री राजु श्रेष्ठ (कोषाध्यक्ष) |

## कर्मचारीका हकहित र अभिबृद्धि सम्बन्धि गतिविधिहरु

» दशै, तिहार र छठ जस्ता राष्ट्रिय पर्वहरुको उपलक्षमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम २०७९ आयोजना गरियो ।

» कर्मचारीहरुको विभेदपूर्ण नियुक्ति तथा पदस्थापना सम्बन्धि विकृत्तिहरुको अन्त्य गरी सरुवा तथा पदस्थापना नीतिको प्रस्ताव गरी कार्यान्वयनका निम्ति निरन्तर प्रयास गरिएकोमा केहि सकारात्मक उपलब्धिहरु देखिन थालेको । कर्मचारीहरुलाई खाली समयमा अध्ययन गर्न र एकै ठाँउबाट अधिकाँश विषयको ज्ञान आर्जन गर्नका निम्ति संगठनको केन्द्रिय कार्यालयमा सुविधा सम्मपन्न लाईब्रेरी स्थापना गरी छुट्टै कोठा र स्तरोन्नतीको कार्य भईरहेको ।

» यस संगठनले स्थापना गरेको पुस्तकालयमा हाल सम्म १०,००० बढी पुस्तकहरु रहेकोमा वि.सं २०७९ भाद्रदेखि २०८० भाद्रको १५ गते सम्म पुस्तकहरुको ८,३४१ पटक लेनदेन भई १४८ जना कोष कर्मचारी र कोषको जाँचमा सहभागि हुने २७३ जना परिक्षार्थीहरु लाभान्वित भएको ।

» नेपाल राष्ट्रिय कर्मचारी महासंघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन, बैंक तथा वित्तीय संस्था र अन्य केन्द्रीय र प्रादेशिक स्तरका पेशागत संघ सङ्गठनहरु संगको आवद्धतालाई बलियो पार्दै लगिएको ।

» वि.सं २०७९ मंसिर २१ गतेको केन्द्रिय समितिको बैठकको निर्णय बमोजिम पौष २२ देखि २७ सम्म शाखा कार्यालयको निरिक्षण भ्रमण, कर्मचारी भेटघाट तथा संगठनको शाखा अधिबेशन कार्यक्रम सम्पन्न गरिएको ।

» विविध समसामयिक विषयमा सबै सरोकारवाला पक्षहरुको सहभागिता सहितको उपस्थितिमा अर्न्तक्रिया र समकक्षि युनियनहरु संगको निरन्तर छलफल कार्यक्रम आयोजना गरी समस्या समाधानको पहल गरिएको ।

» कोष र कर्मचारीको हित र अभिबृद्धिका लागि समय समयमा व्यवस्थापन समक्ष मागपत्र पेश गरी कार्यान्वयनका लागि निरन्तर छलफल र दवावका रणनीतिहरु अवलम्बन गरिएको ।

» कर्मचारीको सेवा सुविधालाई समय सापेक्ष बनाउन संगठनको तर्फवाट एकल तथा संयुक्त रुपमा निरन्तर पहल गरिरहेको ।

» महिलाहरुको महान चाड तीजको उपलक्षमा शाखा कार्यालयहरुमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्न व्यवस्थापन संग आवश्यक समन्वय र सहकार्य गरिएको ।

## आ.व. २०७८/७९ को विज्ञापन अनुसार कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा हुनुभएका कर्मचारीहरु

| सि.नं. | बढुवा भएको पद | कर्मचारीको नाम थर | तह | बढुवा निर्णय मिति |
|---|---|---|---|---|
| १ | प्रशासक | जितेन्द्र धिताल | एघारौं | २०७९।०४।१९ |
| २ | मुख्य प्रबन्धक | दिनेश कुमार केसी | दशौं | २०७९।०४।२४ |
| ३ | मुख्य प्रबन्धक | राजेन्द्र शाक्य | दशौं | २०७९।०४।२४ |
| ४ | बरिष्ठ प्रवन्धक | राजेन्द्र भण्डारी | नवौं | २०७९।०४।२५ |
| ५ | बरिष्ठ प्रवन्धक | दिलिप राज पौडेल | नवौं | २०७९।०४।२५ |
| ६ | बरिष्ठ प्रवन्धक | रमेश चन्द्र वेलवासे | नवौं | २०७९।०४।२५ |
| ७ | बरिष्ठ प्रवन्धक | तेज प्रसाद खनाल | नवौं | २०७९।०४।२५ |
| ८ | बरिष्ठ प्रवन्धक | कल्पना मानन्धर | नवौं | २०७९।०४।२५ |
| ९ | बरिष्ठ प्रवन्धक | निर्मला हुमागाईं | नवौं | २०७९।०४।२५ |
| १० | बरिष्ठ प्रवन्धक | कमल अर्याल | नवौं | २०७९।०४।२५ |
| ११ | बरिष्ठ प्रवन्धक (वित्त विश्लेषक) | मदन सुवेदी | नवौं | २०७९।०४।२५ |
| १२ | बरिष्ठ प्रवन्धक (सूचना प्रविधि) | राकेशलाल श्रेष्ठ | नवौं | २०७९।०४।२५ |
| १३ | प्रवन्धक | मन्जु भण्डारी | आठौं | २०७९।०४।२८ |
| १४ | प्रवन्धक | दिपक मणि रिसाल | आठौं | २०७९।०४।२८ |
| १५ | प्रवन्धक | रविन केसी | आठौं | २०७९।०४।२८ |
| १६ | प्रवन्धक | दिपेन्द्र सापकोटा | आठौं | २०७९।०४।२८ |
| १७ | प्रवन्धक | चानक राज खत्री | आठौं | २०७९।०४।२८ |
| १८ | प्रवन्धक | राजेन्द्र बस्नेत | आठौं | २०७९।०४।२८ |
| १९ | प्रवन्धक | मुक्तिनाथ सुवेदी | आठौं | २०७९।०४।२८ |
| २० | प्रवन्धक | डिल्ली प्रसाद अधिकारी | आठौं | २०७९।०४।२८ |
| २१ | प्रबन्धक (कानून) | अर्जुन प्रसाद आचार्य | आठौं | २०७९।०४।२८ |
| २२ | प्रबन्धक (सूचना प्रविधि) | राजु शाही | आठौं | २०७९।०४।२८ |
| २३ | प्रबन्धक (सिभिल इन्जिनियर) | राम प्रसाद राई | आठौं | २०७९।०४।२८ |
| २४ | उप प्रबन्धक | नर्वदा भेटवाल | सातौं | २०७९।०५।०४ |
| २५ | उप प्रबन्धक | राजु श्रेष्ठ | सातौं | २०७९।०५।०४ |
| २६ | उप प्रबन्धक | लाल बहादुर सुनार | सातौं | २०७९।०५।०४ |
| २७ | उप प्रबन्धक | गणेश बस्नेत | सातौं | २०७९।०५।०४ |
| २८ | उप प्रबन्धक | लोकनाथ ताजपुरिया | सातौं | २०७९।०५।०४ |
| २९ | उप प्रबन्धक | देवी प्रसाद गौतम | सातौं | २०७९।०५।०४ |
| ३० | उप प्रबन्धक | कृष्ण प्रसाद अधिकारी 'क' | सातौं | २०७९।०५।०४ |
| ३१ | उप प्रबन्धक | शम्भु प्रसाद पौडेल | सातौं | २०७९।०५।०४ |
| ३२ | उप प्रबन्धक | राम प्रसाद अधिकारी | सातौं | २०७९।०५।०४ |
| ३३ | उप प्रबन्धक | शितल बाबु खत्री | सातौं | २०७९।०५।०४ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | उप प्रबन्धक | बालकृष्ण अर्याल | सातौं | २०७९।०५।०४ |
| ३५ | उप प्रबन्धक | विजय कुमार थापा | सातौं | २०७९।०५।०४ |
| ३६ | उप प्रबन्धक | बिमल कुमार खतिवडा | सातौं | २०७९।०५।०४ |
| ३७ | उप प्रबन्धक | देव कृष्ण श्रेष्ठ | सातौं | २०७९।०५।०४ |
| ३८ | उप प्रबन्धक | ओजस्वी गौतम | सातौं | २०७९।०५।०४ |
| ३९ | उप प्रबन्धक | सुरेन्द्र राज ढकाल | सातौं | २०७९।०५।०४ |
| ४० | उप प्रबन्धक | मनोज लामिछाने | सातौं | २०७९।०५।०४ |
| ४१ | उप प्रबन्धक (कानून) | लक्ष्मी प्रसाद वाग्ले | सातौं | २०७९।०५।०४ |
| ४२ | उप प्रबन्धक (सूचना प्रविधि) | निर्मला शर्मा | सातौं | २०७९।०५।०४ |
| ४३ | उप प्रबन्धक (सूचना प्रविधि) | दिनेश डंगोल | सातौं | २०७९।०५।०४ |
| ४४ | उप प्रबन्धक (सूचना प्रविधि) | भुपेन्द्र सिंह बोहरा | सातौं | २०७९।०५।०४ |
| ४५ | सहायक प्रबन्धक | साधना झा | छैटौं | २०७९।०५।०४ |
| ४६ | सहायक प्रबन्धक | टेक बहादुर केसी | छैटौं | २०७९।०५।०४ |
| ४७ | सहायक प्रबन्धक | रश्मी बज्राचार्य | छैटौं | २०७९।०५।०४ |
| ४८ | सहायक प्रबन्धक | राजेन्द्र पोखेल | छैटौं | २०७९।०५।०४ |
| ४९ | सहायक प्रबन्धक | रामेश्वर भोछिंभोया | छैटौं | २०७९।०५।०४ |
| ५० | सहायक प्रबन्धक | देव आशिष मालाकार | छैटौं | २०७९।०५।०४ |
| ५१ | सहायक प्रबन्धक | नन्द किशोर राय | छैटौं | २०७९।०५।०४ |
| ५२ | सहायक प्रबन्धक | अनन्त मुनी बज्राचार्य | छैटौं | २०७९।०५।०४ |
| ५३ | सहायक प्रबन्धक | बिजय खड्का | छैटौं | २०७९।०५।०४ |
| ५४ | सहायक प्रबन्धक | ऋषि प्रसाद अधिकारी | छैटौं | २०७९।०५।०४ |
| ५५ | सहायक प्रबन्धक | तोजेन्द्र रोकाय | छैटौं | २०७९।०५।०४ |
| ५६ | सहायक प्रबन्धक | डेनजम भट्टराई | छैटौं | २०७९।०५।०४ |
| ५७ | सहायक प्रबन्धक | नारायण प्रसाद पन्थ | छैटौं | २०७९।०५।०४ |
| ५८ | सहायक प्रबन्धक | उमेश राज भट्ट | छैटौं | २०७९।०५।०४ |

## आन्तरिक प्रतियोगिताबाट बढुवा हुनुभएका कर्मचारीहरु

| | | | | |
|---|---|---|---|---|
| १ | मुख्य प्रबन्धक | श्री दामोदर प्रसाद सुवेदी | दशौं | २०८०।०३।११ |
| २ | बरिष्ठ प्रबन्धक | श्री राजेन्द्र लामिछाने | नवौं | २०८०।०३।११ |
| ३ | बरिष्ठ प्रबन्धक | श्री रामशरण अर्याल | नवौं | २०८०।०३।११ |
| ४ | उप प्रबन्धक | श्री श्याम पौडेल | सातौं | २०८०।०३।११ |
| ५ | उप प्रबन्धक | श्री भरत कुमार साउद | सातौं | २०८०।०३।११ |
| ६ | उप प्रबन्धक | श्री कल्पना वराल | सातौं | २०८०।०३।११ |
| ७ | उप प्रबन्धक | श्री सुस्ता वाग्ले | सातौं | २०८०।०३।११ |
| ८ | उप प्रबन्धक | श्री दिपक राज भट्टराई | सातौं | २०८०।०३।११ |
| ९ | उप प्रबन्धक | श्री रामनाथ डंगोल | सातौं | २०८०।०३।११ |
| १० | सहायक प्रबन्धक | आरती भुषाल वास्तोला | छैटौं | २०८०।०३।२१ |
| ११ | सहायक प्रबन्धक | सपना देउजा | छैटौं | २०८०।०३।२१ |

| | | | | |
|---|---|---|---|---|
| १२ | सहायक प्रबन्धक | राम नारायण चौधरी | छैटौं | २०८०।०३।२१ |
| १३ | सहायक प्रबन्धक | विश्वराज भण्डारी | छैटौं | २०८०।०३।२१ |
| १४ | सहायक प्रबन्धक | सिमरन शाक्य | छैटौं | २०८०।०३।२१ |
| १५ | सहायक प्रबन्धक | विष्णु प्रसाद रेग्मी | छैटौं | २०८०।०३।२१ |
| १६ | सहायक प्रबन्धक | कृष्ण प्रसाद पोखरेल | छैटौं | २०८०।०३।२१ |
| १७ | सहायक प्रबन्धक | ईश्वर श्रेष्ठ | छैटौं | २०८०।०३।२१ |
| १८ | सहायक प्रबन्धक | कल्पना चटौत | छैटौं | २०८०।०३।२१ |
| १९ | प्रमुख सहायक | गंगा बस्याल | पाँचौं | २०८०।०३।२१ |

## खुला/समावेशी प्रतियोगितात्मक परीक्षाबाट नियुक्त कर्मचारीहरूको विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | वरिष्ठ प्रबन्धक | सन्तोष पौड्याल | नवौं | २०८०।०३।११ |
| २ | प्रबन्धक | राधा कणेल | आठौं | २०८०।०३।११ |
| ३ | प्रबन्धक | लक्ष्मी प्रसाद वाग्ले | आठौं | २०८०।०३।३१ |
| ४ | उप प्रबन्धक | नविन पौडेल | सातौं | २०८०।०३।११ |
| ५ | उप प्रबन्धक | मञ्जु क्षेत्री | सातौं | २०८०।०३।११ |
| ६ | उप प्रबन्धक | निमा डोमा शेर्पा | सातौं | २०८०।०३।११ |
| ७ | उप प्रबन्धक वित्त विश्लेषक | मात्रिका देवि खतिवडा | सातौं | २०८०।०३।२२ |
| ८ | उप प्रबन्धक वित्त विश्लेषक | सिर्जना ज्ञवाली | सातौं | २०८०।०३।२२ |
| ९ | सहायक प्रबन्धक | बिबेक घिमिरे | छैटौं | २०८०।०३।२२ |
| १० | सहायक प्रबन्धक | रछ्याने लोहार | छैटौं | २०८०।०३।२२ |
| ११ | सहायक प्रबन्धक | बिन्दु पाण्डे पन्थ | छैटौं | २०८०।०३।२२ |
| १२ | सहायक प्रबन्धक | अनिल सिंह बिष्ट | छैटौं | २०८०।०३।२२ |
| १३ | सहायक प्रबन्धक | दिनेश भट्टराई | छैटौं | २०८०।०३।२२ |
| १४ | सहायक प्रबन्धक | देबकी भट्ट | छैटौं | २०८०।०३।२२ |
| १५ | सहायक प्रबन्धक | महेन्द्र पन्थी | छैटौं | २०८०।०३।२२ |
| १६ | सहायक प्रबन्धक | तारा कुमारी जोशी | छैटौं | २०८०।०३।२२ |
| १७ | सहायक प्रबन्धक | विकास ज्ञवाली | छैटौं | २०८०।०३।२२ |
| १८ | सहायक प्रबन्धक | प्रभा ढुङ्गाना | छैटौं | २०८०।०३।२२ |
| १९ | सहायक प्रबन्धक | सन्तोष बहादुर चन्द | छैटौं | २०८०।०३।२२ |
| २० | सहायक प्रबन्धक | अन्जना पराजुली | छैटौं | २०८०।०३।२२ |
| २१ | सहायक प्रबन्धक | बीरेन्द्र कुमर | छैटौं | २०८०।०३।२२ |
| २२ | सहायक प्रबन्धक | समीर बराईली | छैटौं | २०८०।०३।२२ |
| २३ | सहायक प्रबन्धक | निशा दाहाल | छैटौं | २०८०।०३।२२ |
| २४ | सहायक प्रबन्धक | विशाल नेपाली | छैटौं | २०८०।०३।२२ |
| २५ | सहायक प्रबन्धक | ईन्दिरा बल | छैटौं | २०८०।०३।२२ |
| २६ | सहायक प्रबन्धक | जनक राज उपाध्याय | छैटौं | २०८०।०३।२२ |
| २७ | सहायक प्रबन्धक | रोहनी कुमारी शाह | छैटौं | २०८०।०३।२२ |
| २८ | सहायक प्रबन्धक | मोहम्मद अकमल आलम | छैटौं | २०८०।०३।२२ |
| २९ | सहायक प्रबन्धक | संतोष कुमार यादव | छैटौं | २०८०।०३।२२ |
| ३० | सहायक प्रबन्धक | सन्तोष कुमार साह | छैटौं | २०८०।०३।२२ |
| ३१ | प्रमुख सहायक | सुनिल शर्मा | पाँचौं | २०८०।०३।२२ |
| ३२ | सब ईन्जिनियर | शिव गैह्रे | पाँचौं | २०८०।०३।२२ |
| ३३ | सब ईन्जिनियर | बादल पराजुली | पाँचौं | २०८०।०४।२८ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | सहायक | कृष्ण प्रसाद अधिकारी | चौंथो | २०८०।०४।१० |
| ३५ | सहायक | सुशिला खतिवडा | चौंथो | २०८०।०४।१० |
| ३६ | सहायक | योगेन्द्र प्रसाद पौडेल | चौंथो | २०८०।०४।१० |
| ३७ | सहायक | चक्रमणी पोखरेल | चौंथो | २०८०।०४।१० |
| ३८ | सहायक | ऋचा सापकोटा | चौंथो | २०८०।०४।१० |
| ३९ | सहायक | केदार गिरी | चौंथो | २०८०।०४।१० |
| ४० | सहायक | रविन कार्की | चौंथो | २०८०।०४।१० |
| ४१ | सहायक | पुस्कर पोखरेल | चौंथो | २०८०।०४।१० |
| ४२ | सहायक | भक्ति प्रसाद चालिसे | चौंथो | २०८०।०४।१० |
| ४३ | सहायक | मिरा साख | चौंथो | २०८०।०४।१० |
| ४४ | सहायक | अभय निरौला | चौंथो | २०८०।०४।१० |
| ४५ | सहायक | दिपेन्द्र खतिवडा | चौंथो | २०८०।०४।१० |
| ४६ | सहायक | स्वस्तिका लामिछाने | चौंथो | २०८०।०४।१० |
| ४७ | सहायक | दशरथ पुन | चौंथो | २०८०।०४।१० |
| ४८ | सहायक | मनिषा पौडेल | चौंथो | २०८०।०४।१० |
| ४९ | सहायक | शितल श्रेष्ठ | चौंथो | २०८०।०४।१० |
| ५० | सहायक | सुस्मिता बस्नेत | चौंथो | २०८०।०४।१० |
| ५१ | सहायक | मनिषा शाह | चौंथो | २०८०।०४।१० |
| ५२ | सहायक | सावित्री कुमारी कुवँर | चौंथो | २०८०।०४।१० |
| ५३ | सहायक | संघर्ष श्रेष्ठ | चौंथो | २०८०।०४।१० |
| ५४ | सहायक | रोशनी नेपाली | चौंथो | २०८०।०४।१० |
| ५५ | सहायक | नारायण खनाल | चौंथो | २०८०।०४।१० |

## २०८०/०३/२२ को निर्णयानुसार कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा हुनुभएका कर्मचारीहरु

| सि.नं. | बढुवा भएको पद | नामथर | बढुवा भएको पद | बढुवा मिति |
|---|---|---|---|---|
| १ | सह प्रशासक (मुख्य अधिकृत) | जीवन कुमार कट्वाल | एघारौं | २०८०।०३।२२ |
| २ | मुख्य प्रबन्धक | ठाकुर जंग थापा | दशौं | २०८०।०३।२२ |
| ३ | मुख्य प्रबन्धक | वीरेन्द्र पौडेल | दशौं | २०८०।०३।२२ |
| ४ | बरिष्ठ प्रबन्धक | राम प्रसाद लामिछाने | नवौं | २०८०।०३।२२ |
| ५ | बरिष्ठ प्रबन्धक | ध्रुव प्रसाद तिवारी | नवौं | २०८०।०३।२२ |
| ६ | बरिष्ठ प्रबन्धक | ध्रुव प्रसाद पन्त | नवौं | २०८०।०३।२२ |
| ७ | बरिष्ठ प्रबन्धक (सुचना प्रविधि) | आदर्श भट्टराई | नवौं | २०८०।०३।२२ |
| ८ | प्रबन्धक | बाल कुमारी न्यौपाने | आठौं | २०८०।०३।२२ |
| ९ | प्रबन्धक | रामचन्द्र कडेल | आठौं | २०८०।०३।२२ |
| १० | प्रबन्धक | राम कृष्ण जि· सी· | आठौं | २०८०।०३।२२ |
| ११ | प्रबन्धक | झलक राज शर्मा | आठौं | २०८०।०३।२२ |
| १२ | प्रबन्धक | त्रिविक्रम पाण्डे | आठौं | २०८०।०३।२२ |
| १३ | प्रबन्धक | चिरञ्जीवि पोखरेल | आठौं | २०८०।०३।२२ |
| १४ | प्रबन्धक | युवराज श्रेष्ठ | आठौं | २०८०।०३।२२ |
| १५ | प्रबन्धक (सूचना प्रविधि) | केरिना श्रेष्ठ | आठौं | २०८०।०३।२२ |

## २०८०/०३/३१ को निर्णयानुसार कार्यक्षमता मूल्यांकनद्वारा बढुवा हुनुभएका कर्मचारीहरु

| सि.नं. | बढुवा भएको पद | नामथर | तह | बढुवा मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक | राजन कुमार रायमाझी | सातौं | २०८०।०३।३१ |
| २ | उप प्रबन्धक | दिपक खनाल | सातौं | २०८०।०३।३१ |
| ३ | उप प्रबन्धक | डम्मरा देवि अर्याल | सातौं | २०८०।०३।३१ |
| ४ | उप प्रबन्धक | नरेन्द्र गुरुङ्ग | सातौं | २०८०।०३।३१ |
| ५ | उप प्रबन्धक | शंकर ओड | सातौं | २०८०।०३।३१ |
| ६ | उप प्रबन्धक | गंगाराम यादब | सातौं | २०८०।०३।३१ |
| ७ | उप प्रबन्धक | रविन्द्र महत | सातौं | २०८०।०३।३१ |
| ८ | उप प्रबन्धक | महेश श्रेष्ठ | सातौं | २०८०।०३।३१ |
| ९ | उप प्रबन्धक | रमिता श्रेष्ठ | सातौं | २०८०।०३।३१ |
| १० | उप प्रबन्धक | गिता शिवाकोटी | सातौं | २०८०।०३।३१ |
| ११ | उप प्रबन्धक | लिली दाहाल अर्याल | सातौं | २०८०।०३।३१ |
| १२ | उप प्रबन्धक | संजिता ढकाल | सातौं | २०८०।०३।३१ |
| १३ | उप प्रबन्धक | राजेन्द्र ढकाल | सातौं | २०८०।०३।३१ |
| १४ | उप प्रबन्धक | चन्द्र बहादुर सुवेदी | सातौं | २०८०।०३।३१ |
| १५ | उप प्रबन्धक | राजेन्द्र विक्रम केसी· | सातौं | २०८०।०३।३१ |
| १६ | उप प्रबन्धक (सिभिल इन्जिनियर) | दधि राज घिमिरे | सातौं | २०८०।०३।३१ |
| १७ | उप प्रबन्धक (सिभिल इन्जिनियर) | रामहरि गौतम | सातौं | २०८०।०३।३१ |
| १८ | सहायक प्रबन्धक | रमेश प्रसाद जोशी | छैटौं | २०८०।०३।३१ |
| १९ | सहायक प्रबन्धक | अरबिन निरौला | छैटौं | २०८०।०३।३१ |
| २० | सहायक प्रबन्धक | दिपेन्द्र नारायण साह | छैटौं | २०८०।०३।३१ |
| २१ | सहायक प्रबन्धक | प्रेम कुमार साह | छैटौं | २०८०।०३।३१ |
| २२ | सहायक प्रबन्धक | शशी पोखरेल | छैटौं | २०८०।०३।३१ |
| २३ | सहायक प्रबन्धक | सुदिप घिमिरे | छैटौं | २०८०।०३।३१ |
| २४ | सहायक प्रबन्धक | रंजित कुमार हाथी | छैटौं | २०८०।०३।३१ |
| २५ | सहायक प्रबन्धक | बाबुराम गन्धर्व | छैटौं | २०८०।०३।३१ |
| २६ | सहायक प्रबन्धक | अमित कुमार विश्वकर्मा | छैटौं | २०८०।०३।३१ |
| २७ | सहायक प्रबन्धक | केदार धिताल | छैटौं | २०८०।०३।३१ |
| २८ | सहायक प्रबन्धक | हरिबोल श्रेष्ठ हेम्बा | छैटौं | २०८०।०३।३१ |
| २९ | सहायक प्रबन्धक | इश्वरी पराजुली | छैटौं | २०८०।०३।३१ |
| ३० | सहायक प्रबन्धक | गणेश श्रेष्ठ | छैटौं | २०८०।०३।३१ |
| ३१ | सहायक प्रबन्धक | खीम बहादुर खड्का | छैटौं | २०८०।०३।३१ |
| ३२ | सहायक प्रबन्धक (सिभिल इन्जिनियर) | शंकर सुवेदी | छैटौं | २०८०।०३।३१ |
| ३३ | प्रमुख सहायक | दिनेश कुमार चौधरी | पाँचौ | २०८०।०५।१२ |
| ३४ | प्रमुख सहायक | मनिष कुमार कर्ण | पाँचौ | २०८०।०५।१२ |
| ३५ | प्रमुख सहायक | भावना के.सी. | पाँचौ | २०८०।०५।१२ |

# कोषको ६२औँ वार्षिकोत्सवको उपलक्ष्यमा ३५ वर्ष सेवा सम्मान र २५ तथा १५ वर्ष सेवा पदक तथा पुरस्कार प्राप्त गर्नुहुने कर्मचारीको विवरण

### ३५ वर्ष सेवा सम्मान प्राप्त गर्नुहुने कर्मचारीहरु

| सि.नं. | हालको पद | नाम थर |
|---|---|---|
| १ | का.मु. बरिष्ठ प्रबन्धक | रवि तामाङ्ग |
| २ | उप प्रबन्धक | गोविन्द राज थापा |
| ३ | उप प्रबन्धक | देव कृष्ण श्रेष्ठ |
| ४ | उप प्रबन्धक | दिपक खनाल |
| ५ | प्रमुख सहायक (सरसफाई) | बाल कृष्ण पोडे |
| ६ | प्रमुख सहायक (सरसफाई) | राधिका देउला |

### २५ वर्ष सेवा पदक तथा पुरस्कार प्राप्त गर्नुहुने कर्मचारीहरु

| सि.नं. | हालको पद | नाम थर |
|---|---|---|
| १ | का. मु. सह प्रशासक (मुख्य अधिकृत) | भरत राज वस्ती |
| २ | मुख्य प्रबन्धक | विजय कुमार श्रेष्ठ |

### १५ वर्ष सेवा पदक तथा पुरस्कार प्राप्त गर्नुहुने कर्मचारीहरु

| सि.नं. | हालको पद | नाम थर |
|---|---|---|
| १ | बरिष्ठ प्रबन्धक | राजेन्द्र लामिछाने |
| २ | बरिष्ठ प्रबन्धक | रामशरण अर्याल |
| ३ | का. मु. बरिष्ठ प्रबन्धक | शशि कुमार देवकोटा |
| ४ | प्रबन्धक | कृष्ण प्रसाद शर्मा (क) |
| ५ | प्रबन्धक | केशप कुमार बुढाथोकी |
| ६ | प्रबन्धक | मुकुन्द अर्याल |
| ७ | प्रबन्धक | शिवराज पौडेल |
| ८ | प्रबन्धक | पूर्ण कुमारी बस्नेत |
| ९ | प्रबन्धक | रविन के. सी. |
| १० | प्रबन्धक | राजेन्द्र बस्नेत |
| ११ | प्रबन्धक | झलक राज शर्मा |
| १२ | उप प्रबन्धक | बद्री राज खड्का |

### आ.व. २०७९/८० मा अनिवार्य अवकाश भएका कर्मचारीहरु

| सि.नं. | हालको पद | नाम थर | तह | अवकाश मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक | भरत खतिवडा | ७ | २०७९।०६।०३ |
| २ | का. मु. उप प्रबन्धक | जहान्‌ देवी श्रेष्ठ | ६ | २०७९।०६।०८ |
| ३ | सहायक प्रबन्धक | शान्ति अधिकारी | ६ | २०७९।०६।१४ |
| ४ | उप प्रबन्धक | बिमल कुमार खतिवडा | ७ | २०७९।०६।२७ |
| ५ | का. मु. उप प्रबन्धक | शरद कुमार केसी | ६ | २०७९।०६।२९ |
| ६ | प्रमुख चालक | महेश्वर श्रेष्ठ | ५ | २०७९।०७।१५ |
| ७ | मुख्य प्रबन्धक | राजेन्द्र शाक्य | १० | २०७९।०७।२४ |
| ८ | का. मु. उप प्रबन्धक | सरिता थापा (तुलाधर) | ६ | २०७९।०८।१५ |
| ९ | उप प्रबन्धक | शम्भु प्रसाद आचार्य | ७ | २०७९।०९।०३ |
| १० | का. मु. उप प्रबन्धक | अर्जुन कुमार कोइराला | ६ | २०७९।०९।०५ |
| ११ | कार्यालय सुपरिवेक्षक | अर्जुन बहादुर थापा | ५ | २०७९।०९।१८ |
| १२ | का. मु. उप प्रबन्धक | बद्रि बहादुर बस्नेत | ६ | २०७९।१०।०५ |
| १३ | उप प्रबन्धक | शम्भु प्रसाद पौडेल | ७ | २०७९।१२।०५ |
| १४ | सहायक प्रबन्धक | उत्तम बहादुर कार्की | ६ | २०७९।१२।०६ |
| १५ | सहायक प्रबन्धक | विश्व राज उपाध्याय | ६ | २०७९।१२।१३ |
| १६ | का. मु. उप प्रबन्धक | विमला दाहाल (पुडासैनी) | ६ | २०७९।१२।१५ |
| १७ | प्रमुख प्राविधिक सहायक (निर्माण) | कृष्ण राम सुवाल | ५ | २०८०।०१।०१ |
| १८ | उप प्रबन्धक | निरन्जन कुमार शर्मा | ७ | २०८०।०१।०६ |
| १९ | उप प्रबन्धक | नरेन्द्र बहादुर ताम्राकार | ७ | २०८०।०१।०७ |
| २० | का. मु. मुख्य प्रबन्धक | महेश प्रसाद खनाल | ९ | २०८०।०१।१० |
| २१ | प्रबन्धक | मुक्ति नाथ सुवेदी | ८ | २०८०।०१।२१ |
| २२ | कार्यालय सुपरिवेक्षक | बीरेन्द्र बहादुर लामा | ५ | २०८०।०३।०७ |
| २३ | कार्यालय सुपरिवेक्षक | राम बहादुर तिमिल्सीना | ५ | २०८०।०३।२२ |

### आ.व. २०८०/८१ को श्रावण १ देखि भाद्र ३१ गतेसम्म अनिवार्य अवकाश भएका कर्मचारीहरु

| सि. नं. | हालको पद | नाम थर | तह | अवकाश मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक | ओजस्वी गौतम | ७ | २०८०।०४।१० |
| २ | प्रमुख सहायक (अन्य सेवा) | अशोक भक्त माथेमा | ५ | २०८०।०४।२३ |
| ३ | मुख्य प्रबन्धक | दिनेश कुमार केसी | १० | २०८०।०४।२८ |
| ४ | सहायक प्रबन्धक | देव शंकर झा | ६ | २०८०।०५।०५ |
| ५ | प्रमुख सहायक (अन्य सेवा) | भिम बहादुर खुलाल मगर | ५ | २०८०।०५।०७ |

### आ.व. २०७९/८० तथा आ.व. २०८०/८१ को भाद्र ३१ गते सम्ममा स्वेच्छिक अवकाश लिएका कर्मचारीहरु

| सि. नं. | हालको पद | नाम थर | तह | स्वेच्छिक अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक | निर्मला आचार्य | ६ | २०७९/०९/१८ |
| २ | सब इन्जिनियर | शिव गैह्रे | ५ | २०८०/०३/२४ |
| ३ | सहायक प्रबन्धक | रछ्याने लोहार | ६ | २०८०/०४/१३ |

### SEE परीक्षा उत्तीर्ण कोषका कर्मचारीका छोराछोरीहरु

**छोरा तर्फः-**

| सि.नं. | विद्यार्थीको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | प्रत्युस वस्ती | ३.७५ | भरत राज वस्ती | का.मु. सह प्रशासक |
| २ | भूगोल गौतम | ३.५० | राम हरि गौतम | सहायक प्रबन्धक |
| ३ | समिपजंग खड्का | ३.४५ | विजय खड्का | सहायक प्रबन्धक |
| ४ | विवश गन्धर्व | ३.४० | बाबुराम गन्धर्व | प्रमुख सहायक |

**छोरी तर्फः-**

| सि. नं. | विद्यार्थीको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | बिनिषा थापा | ३.७५ | निर्मला शर्मा | उप प्रबन्धक (सुचना प्रविधि) |
| २ | कृति प्रजापति | ३.५५ | जेनी महर्जन | का.मु. प्रबन्धक (सु.प्रविधि) |
| ३ | निष्ठा अधिकारी | ३.३० | सविता लुइटेल | प्रमुख सहायक |

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोषको ६२ वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता जनाउदै सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**(१) सञ्चयकर्ता विवरण:**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ८२ हजार | २७ हजार ६ सय |
| निवृत्तभरण कोष | ६३ हजार ३ सय | ३ हजार २ सय |

**(२) आ.व. २०७९/८० को अनुमानित वित्तीय अवस्था :**

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुल लगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ४६१.७८ | ६.५१ | ३८.१० | ५.६५ | ५१२.०४ | ५०३.७४ | ४.७२ |

**(३) वित्तीय सुविधाहरु:**

**(क) ब्याज तथा मुनाफा:** कोष रकममा ब्याज दर : ७.५ प्रतिशत
मुनाफा : १.२० प्रतिशत (आर्थिक वर्ष २०७८/७९ को शुरु मौज्दातमा)

**(ख) सापटी, सीमा र ब्याज दर :**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरल चक्रकर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ८० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.२५ लाखसम्म | रु.३० लाखसम्म | रु.२५ लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ८.६० प्रतिशत | ९.२५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत |

**(ग) ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले छुट दिने व्यवस्था गरिएको ।

**(४) सामाजिक सुरक्षा सुविधाहरु:**

**(क) सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई **साधारण रोग**को लागि उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवा अवधि भरिमा अधिकतम रु. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार सुविधा:** प्रति प्रसूति रु.७,५०० (२ सन्ततिका लागि),

**(ग) दुर्घटना क्षतिपूर्ति योजना:** निज वा निजको हकवालालाई रु.२ लाख,

**(घ) काजक्रिया अनुदान:** हकवालालाई रु.४० हजार ।

**(५) कोषका कार्यालयहरु :**

उपत्यकास्थित : पुल्चोक, ठमेल, लगनखेल र सिंहदरबार ।
उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६